# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

"मानवीय उच्चारण अवयवद्वारा उच्चरित यादृच्छिक ध्वनि प्रतीकहरूको त्यो व्यवस्थालाई भाषा भनिन्छ, जसका सहायताबाट समाजका मानिसहरू विचार विनिमय गर्दछन् (न्यौपाने र अन्य, २०६७:२) ।"

भाषाको समष्टि परिभाषामा भाषालाई मानवीय उच्चारण अवयवद्वारा उच्चरित हुने, यादृच्छिक हुने वाक्प्रतीकात्मक हुने तथा व्यवस्थामा बाँधिने र विचार विनिमयका साधनका रूपमा प्रयोग हुने वस्तुका रूपमा चिनाइएको छ । यस सन्दर्भमा उच्चार्य श्रव्य सङ्केतमा आधारित वस्तुमात्र भाषा हो । भाषामा भाषिक रूप र वास्तविक वस्तुका बिचमा तार्किक सम्बन्ध रहेको हुँदैन । यस किसिमको सम्बन्ध नहुने स्थिति नै यादृच्छिकता हो । भाषा रूपमा र वस्तुका बिचमा परम्परागत सम्बन्ध रहेको हुन्छ । भाषा ध्वनिहरूको समुह हो । ती ध्वनिहरू कुनै वस्तुलाई जनाउन प्रयोग गरिने चिन्ह मात्र हुन् । ध्वनि समुह आफैँमा वस्तु मात्र होइन । भाषामा आफ्नै व्यवस्था हुन्छ र यी व्यवस्थाहरूको समष्टि व्यवस्थाबाट भाषाको निर्माण हुन्छ । यस्तो भाषालाई निश्चित समाजका व्यक्तिहरूले आफ्ना विचार वा धारणाको आदानप्रदान गर्नका लागि साधनका रूपमा प्रयोग गर्दछन् । यसरी निष्कर्षतः भाषालाई विचार विनिमयको सर्वोत्कृष्ट साधन र मानवको सर्वोच्च निधिका रूपमा चिनाउन सकिन्छ (ऐ.) ।

परम्परादेखि नै नेपाली भाषा सम्पूर्ण नेपालीहरूको साझा भाषा रहेको र हाल सरकारी कामकाज तथा सम्पर्क भाषाको रुपमा रहेको हुँदा यसका लागि उपयुक्त पाठ्यक्रम एवम् पाठ्यसामग्री हुनुपर्दछ भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन । विद्यालय तहमा नेपाली भाषा शिक्षणको मूल लक्ष्य भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषयको पठनपाठनको माध्यमलाई सहयोग गरी बोध र अभिव्यक्ति पक्षको विकास गर्नु रहेको छ (मा.शि.प. भाग-१ २०६४:८) ।

नेपाली भाषा पाठ्यपुस्तक विद्यार्थीहरूको स्तर अनुकुल हुनपर्दछ । उमेर सुहाउँदा विषयवस्तु समावेश गर्न सकेमा अपेक्षा गरेअनुसार विद्यार्थीहरूले सिकाइ उपलब्धि प्राप्त गर्न सक्दछन् तर यसका अलावा विद्यार्थीको स्तर उमेर, एवम् पूर्व अनुभवहरूलाई बेवास्ता गरी

अन्धाधुन्ध निर्माण गरिएका पाठ्य सामाग्रीहरू न त विद्यार्थीहरूको लागि ग्राह्य हुन सक्छन् त पाठ्यक्रमले राखेका अपेक्षा नै पूरा हुन सक्छन् । त्यसैले पाठ्यपुस्तकमा राखिएका पाठ्यसामग्रीहरू विशिष्ट र व्यावहारिक हुनु जरुरी देखिन्छ । भाषा पाठ्यक्रममा प्रयुक्त शब्दभण्डारको उपयोग, वाक्य संरचना, भाषिक शिल्प जस्ता पक्षले पठनबोधका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यार्थीको मानसिक क्षमता अनुरुपका पाठ्यसामग्रीहरू समावेश गर्न सकेमा मात्र पाठ्यपुस्तक सान्दर्भिक भएको मानिन्छ । विद्यालय तहमा पठनबोधका लागि भाषिक सीप केन्द्रित र सिर्जनात्मक सामग्रीहरूको प्रयोग गर्नुपर्दछ । पठनबोध मानसिक प्रक्रिया भएकाले विद्यार्थीहरूलाई दृष्टांश र अदृष्टांश पाठ्यसामाग्री पठनका निम्ति अभ्यस्त गराउनु आवश्यक छ । बोधगम्य विषयवस्तुको प्रयोग गरिएका सामग्री सिकारूका लागि रूचिपूर्ण हुन सक्छन् । पठनबोधका लागि कथा, जीवनी, उपन्यास जस्ता साहित्यिक विधाहरूको उपयोग प्रभावकारी हुन सक्छ । यस्ता सामग्रीबाट विद्यार्थीहरूमा शुद्धोचारण, सस्वरपठन, मौनपठन जस्ता पक्षको समेत विकास गराउन सकिन्छ । अन्य पाठ्यपुस्तकबाट विषयवस्तुमा आधारित ज्ञानको बोध हुन्छ भने भाषा पाठ्यपुस्तकबाट विषयवस्तुका साथै भाषिक सीपको समेत विकास हुने भएकाले यसको महत्त्व रहेको छ । पठनबोधले सिकाइलाई रोचक र प्रभावकारी रूपमा सञ्चालन गर्न मद्दत गर्छ । पठनबोध बौद्धिक स्तर अभिवृद्धि गर्न र गहिरिएर विषयवस्तु बुझ्न उपयोगी हुन्छ । भाषा शिक्षणलाई प्रयोगमूलक एवम् स्तरीय बनाउन भाषा पाठ्यपुस्तकमा राखिएका बोध सामग्री शिक्षकले कसरी शिक्षण गर्ने, के-कस्ता कार्यकलाप गर्ने गराउने भन्ने कुरा पाठ्यक्रमले मार्गदर्शन गरेको हुनुपर्छ । पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि प्राप्त गर्न पाठ्यक्रम तथा पाठ्पुस्तकलाई सिकारुको क्षमता अनुसार परिस्कार एवम् परिमार्जन गर्न निरन्तर पठनबोधको आवश्यकता पर्दछ ।

बोध विना सिकेका कुराको अर्थ नलाग्ने हुनाले लेखकले जुन अर्थमा लेखेका कुरा पाठकले त्यही अर्थमा बुझ्नु र सही प्रतिक्रिया जनाउनु बोध हो । तसर्थ शिक्षण सिकाइ प्रक्रियामा पठनबोध क्षमता महत्त्वपूर्ण हुने देखिन्छ । भाषिक सीपको विकास पठन र बोध बाटै हुने भएकाले भाषा सिकाइलाई अर्थपूर्ण बनाउन पठनबोधमा उचित ध्यान दिनुपर्ने देखिन्छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधकार्यमा निम्नअनुसारका बुँदाहरूलाई समस्याका रूपमा लिइएको छ :

क) कक्षा ७ का विद्यार्थीहरूको पठनबोध क्षमता कस्तो छ ?

ख) सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको स्तर के-कस्तो छ ?

ग) लिङ्गका आधारमा छात्रछात्राहरूको पठनबोध क्षमता कस्तो छ ?

घ) पठनबोध क्षमता कमजोर हुने कारणहरू के-के हुन् ?

ङ) पठनबोध क्षमताको अभिवृद्धि गर्न के कस्ता सुझावहरू प्रस्तुत गर्न सकिन्छ ?

## १.३ अध्ययनको औचित्य

शिक्षण सिकाइ पछि विद्यार्थीहरूमा व्यावहारिक परिवर्तनको अपेक्षा पाठ्यक्रमले राखेको हुन्छ । व्यक्तिमा व्यावहारिक परिवर्तन गराउन पनि धेरै बाटाहरू हुन्छन् । विद्यार्थीको क्षमता र उमेर अनुसार भाषा पाठ्यपुस्तक र शिक्षण विधि उचित हुनु अनिवार्य ठानिन्छ । पाठ्यक्रमले अपेक्षा राखेको महत्त्वपूर्ण तत्व नै विद्यार्थीहरूका लागि पाठ्यपुस्तकमा राखिएका पाठहरू कतिसम्म बोधगम्य छन् भन्ने नै हो । यदि विद्यार्थीको स्तरअनुरूप पाठ्यवस्तु छैनन् भने शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुँदैन । तसर्थ पाठ्यवस्तु विद्यार्थीका लागि बोधगम्य हुनु आवश्यक छ । अतः सही तरिकाले विद्यार्थीहरूमा बोध क्षमताको अध्ययन विश्लेषण गरी तीनमा रहेका कमीकमजोरीहरू औंल्याई उक्त कमीकमजोरीका निराकरणका उपायहरू सुझाउनुका साथै आजसम्म भएका अध्ययनहरूले खोज नगरेका नयाँ पक्षको अध्ययन गरी त्यस पक्षमा नयाँ तथ्य प्रतिपादन गर्ने हुनाले यो अध्ययन औचित्यपूर्ण हुनेछ ।

उमेरपिच्छे पठनबोध क्षमता फरक-फरक हुन्छ र कक्षा ७ का विद्यार्थीहरूको पठनबोध क्षमता अन्य स्तरसँग मिल्दैन । पठनबोध क्षमता ज्ञान, सीप र अभिवृत्ति आर्जनको प्रमुख आधार हो । पठनबोध क्षमताको स्तर पत्ता नलगाई गरिएको शिक्षण कार्य प्रभावकारी हुँदैन त्यसैले प्रत्येक तहका विद्यार्थीको पठनबोध क्षमता पहिचान गरी सो अनुरुप शिक्षण कार्य गर्नुपर्ने भएकाले यस शोधकार्यले कक्षा ७ का विद्यार्थीहरूको पठनबोध क्षमताको त्यो आवश्यकता पूरा गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तावित शोधकार्य निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

क) कक्षा-७ का विद्यार्थीहरूको पठनबोध क्षमताको स्तर पत्ता लगाउनु ।

ख) सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्तरको तुलना गर्नु ।

ग) लिङ्गका आधारमा छात्र र छात्रको पठनबोध क्षमता पहिल्याउनु ।

घ) पठनबोध क्षमता कमजोर हुने कारण पत्ता लगाउनु ।

ङ) पठनबोध क्षमताको अभिवृद्धि गर्न आवश्यक सुझाव पेश गर्नु ।

## १.५ अध्ययनको महत्त्व

यस अध्ययनले विद्यार्थीहरूको भाषिक स्तर, पारिवारिक पृष्ठभूमि, लिङ्गीय भिन्नताका आधारमा पठनबोध क्षमताको अध्ययन गर्ने भएकाले यसको महत्त्व छ ।

साथै शिक्षकलाई उचित शिक्षण प्रक्रिया अपनाई शिक्षण सिकाइ प्रक्रिया सहज र प्रभावकारी बनाउन सहयोग गर्न र भावी शोधार्थीलाई अध्ययनमा सहयोग पुऱ्याउन यस अध्ययनको महत्त्व रहेको छ ।

पठनबोध क्षमताको अध्ययनबाट भाषा पाठ्यक्रमविद्हरूलाई उक्त पाठ्यक्रम सुधार एवम् परिमार्जन गर्नमा, पाठ्यपुस्तक लेखकलाई उद्देश्यमूलक एवम् प्रभावकारी विषयवस्तु चयन गर्न, शिक्षकलाई विद्यार्थीको स्तरसापेक्ष शिक्षण विधि एवम् प्रक्रियालाई अगाडि बढाउन समग्रमा विद्यार्थीहरूको बोध क्षमतालाई बुझेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, व्यवस्थित एवम् उद्देश्यपूर्ण बनाउनमा सहयोग पुऱ्याउँदछ ।

## १.६ अध्ययनको सीमा

प्रस्तुत शोधलाई निम्नानुसारका क्षेत्र र सीमा रहेका छन् :

क) कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरू मात्र यस अध्ययनको क्षेत्र रहेको छ ।

ख) बेलबारी गा.वि.स. का सामुदायिक विद्यालय अन्तर्गत श्री भगवती उच्च मा. वि. र श्री कवीर मा. वि. तथा श्री शिक्षा सन्देश बोर्डिङ स्कुल र श्री भानु मेमोरियल इङ्लिस स्कुल का २०/२० जना गरी ८० जना विद्यार्थीको मात्र अध्ययन गरिनेछ ।

ग) यस भन्दा बाहेकका अन्य कुराहरू यसका सीमा रहेको छ ।

## अध्याय दुई

# पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणाको स्वरुप

### २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यको थालनी गर्नुअघि त्यस विषयमा भएका पूर्व कार्यहरूको अध्ययन गर्नु आवश्यक हुन्छ । यस पूर्वकार्यको अध्ययनबाट आफूले गर्न खोजेको कार्यलाई सफल र प्रभावकारी बनाउन सहयोग पुग्दछ ।

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ अनुसन्धान, पत्रपत्रिका तथा अन्य श्रव्यदृष्य सामग्री पढेर, सुनेर, अध्ययन मनन गरेर तिनको संक्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (भट्टराई २०६८:१२६) ।

त्यसैले विभिन्न पुस्तक तथा शोधकर्ताहरूले पठनबोध क्षमताका बारेमा गरेका कार्यहरूको समीक्षा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.१.१ पुस्तकबाट पूर्वकार्यको समीक्षाः

अधिकारी (२०६३) द्वारा लेखिएको **नेपाली भाषा शिक्षण** पाठ्पुस्तकमा पठन तथा पठनबोध शिक्षण शीर्षकमा पठन के हो ?, पढाइका तहहरू, पढाइसम्बन्धी केही महत्त्वपूर्ण पक्षहरू, पढाइ शिक्षणको महत्त्व र आवश्यकता, पाठ्यसामग्रीको छनोट, पठन शिक्षणका कार्यलापहरू र समापन जस्ता पक्षहरू उल्लेख गरिएको हुँदाहुँदै पनि पठनबोध शिक्षणको प्रयोजन, यसको उपयोगिताको बारेमा विस्तृत चर्चा भएको देखिँदैन ।

शर्मा र पौडेल (२०६७) द्वारा लेखिएको **नेपाली भाषा र साहित्य शिक्षण**को अध्याय पाँचमा **विविध भाषिक सीप शिक्षण प्रविधि** अन्तर्गत पठनबोध शिक्षण, पठनबोध शिक्षणको प्रयोजन, पठनबोधका लागि मौन पठनको उपयोग, पठनबोध शिक्षणका लागि सामग्री छनोट, पठनबोध शिक्षणका कार्यकलापहरू, पठनबोधको शिक्षण क्रम, पठनबोधका लागि बोध प्रश्नका विशेषता, पठनबोध र पठनशीलतालाई छुट्टाछुट्टै उपशीर्षकमा चर्चा गरिएको छ । यति हुँदाहुँदै पनि पठनबोधका चरणहरू, पठनबोधमा प्रभाव पार्ने तत्त्वहरू आदिका बारेमा उक्त पुस्तकमा छुट्टाछुट्टै शीर्षकमा चर्चा गरिएको पाइएन ।

खनिया र अन्य (२०६८) द्वारा लेखिएको **नेपाली भाषा शिक्षण** नामक किताबको अध्याय ११ मा वाचन, पठनबोध र द्रुतपाठ शिक्षण अन्तर्गत पठबोधको परिचय, माध्यमिक

तहमा पठनबोधको आवश्यकता, पठनबोध शिक्षणका कार्यकलापहरू, पठनबोध शिक्षणक्रम जस्ता उपशीर्षकमा चर्चा गरिएको छ । बि.एड. पाठ्यक्रममा आधारित भएर पनि पठनबोधको अभ्यासका लागि सामाग्रीको छनोट, उपयोगिता जस्ता कुराहरू समावेश गरिएको पाइदैन ।

भण्डारी (२०६८) द्वारा लेखिएको **नेपाली भाषा शिक्षण** नामक पुस्तकको एकाइ ११ मा वाचन, पठनबोध र द्रुतशिक्षण अन्तर्गत पठनबोधको परिचय, माध्यमिक तहमा पठनबोध शिक्षणको आवश्यकता, पठनबोधका लागि मौन पठनको उपयोग (आवश्यकता), पठनबोध अभ्यासका लागि सामग्रीको छनोट, पठनबोध शिक्षणका कार्यकलापहरू, पठनबोध शिक्षणक्रम, पठनबोध शिक्षणका लागि बाल साहित्यको उपयोग जस्ता उपशीर्षकमा चर्चा गरिएको छ । तर भाषा शिक्षण जस्तो प्रयोगात्मक पुस्तकमा यसको उपयोगिताको बारेमा स्पष्ट पारिएको देखिँदैन ।

ढकाल (२०६८/०६९) द्वारा लेखिएको **नेपाली भाषा शिक्षणः परिचय र प्रयोग** अन्तर्गत अध्याय ११ मा वाचन, पठनबोध र द्रुतपाठ शिक्षण रहेको छ । जसमा पठनबोधको परिचय, महत्त्व र आवश्यकता, माध्यमिक तहमा पठनबोधको महत्त्व र आवश्यकता, मौनवाचन वा पठनबोध सञ्चालन गर्दा विचार पुऱ्याउनुपर्ने कुराहरू, पठनबोधको लागि मौन पठनको उपयोग, पठनबोधका लागि सामग्री छनोट, पठनबोधका सामान्य कार्यकलापहरू, पठनबोधको शिक्षण क्रम, निर्दिष्ट पाठ्यांशको पठनबोध गराउनु अघि गर्नुपर्ने कामहरू जस्ता उपशीर्षकहरूका बारेमा चर्चा गरिएको पाइन्छ । तर नि.मा.वि. तहमा पठनबोधको आवश्यकता र महत्त्वको बारेमा यस पुस्तकमा उल्लेख गरिएको पाइएन ।

### २.१.२ शोधकार्यबाट पूर्वकार्यको समीक्षाः

राई (२०३९) द्वारा **दशौँ श्रेणीमा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषा मौन पठनबोध एक अध्ययन** शीर्षकमा अध्ययन गरिएको छ । यस अध्ययनमा विद्यार्थीहरूमा रहेको मौनबोध क्षमताको पहिचान गरी यसका कमीकमजोरीहरू पहिल्याई उक्त कमीकमजोरीहरूको निराकरणका लागि सुझाव दिनुजस्ता उद्देश्यहरू रहेका छन् । उनको शोध प्रस्तावमा तत्कालीन शिक्षण प्रक्रियामा बोध प्रश्नोत्तर अभ्यास अति नै कम मात्रामा भएको र विद्यार्थीहरूमा पनि उपयुक्त क्षमताको अभाव रहेको निष्कर्ष निकालिएको छ ।

राईद्वारा गरिएको शोध अध्ययनमा कक्षा १० का विद्यार्थीहरूको मौन पठनबोध क्षमताको पहिचान गरिएको, यसका कमीकमजोरीहरू पत्ता लगाई निराकरणका लागि

सुझाव दिइएको, तत्कालीन शिक्षण प्रक्रियामा बोध प्रश्नोत्तर अभ्यास कम मात्रामा भएको जस्ता सबल पक्षहरू हुँदाहुँदै पनि उक्त अध्ययनमा कक्षा ७ का विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन नगरिएको, कक्षा ७ का विद्यार्थीहरूमा कक्षा १० को अध्ययन निष्कर्ष लागु गराउँदा स्तर नमिल्ने हुनाले शिक्षण सिकाइ प्रभावकारी हुँदैन, छात्र-छात्राहरूको पठनबोध क्षमताको तुलना नगरिएको जस्ता दुर्बल पक्षहरू रहेका छन् ।

शाक्य (२०३९) द्वारा **सामाजिक कथा विधा पठनबोध एक अध्ययन** नामक शीर्षकमा एक लघु अनुसन्धान गरिएको छ । यसको उद्देश्य पठनबोध क्षमताको विकास गर्नु रहेको छ । जसमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । अध्ययनले तत्कालीन शिक्षण सिकाइ प्रक्रियामा बोध प्रश्नोत्तर अभ्यास कम भएको र सम्बन्धित कक्षाका विद्यार्थीहरूमा पठनबोध क्षमता स्तरभन्दा न्यून रहेको निष्कर्ष निकालिएको छ ।

उल्लेखित अध्ययनमा सामाजिक कथा विधा पठनबोधको अध्ययन गरिएको र सम्बन्धित कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमता स्तर भन्दा न्यून रहेको निष्कर्ष निकालिएको छ ।

शाक्यद्वारा गरिएको शोधपत्रका परिचय, समस्याकथन, उद्देश्य, महत्त्व, परिकल्पना, सीमाङ्कन अध्ययन विधि भनेर अध्ययनका विधि तय गरेका पाइन्छ ।

उक्त शोध कार्यमा परिचय अन्तर्गत बोध के हो ? बोधका प्रकार, बोधको उत्तर कसरी दिनुपर्छ भन्ने कुराको अध्ययन भएको छ ।

उल्लिखित अध्ययनमा सामाजिक कथा विधा पठनबोधको अध्ययन गरिएको र सम्बन्धित कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमता स्तर भन्दा न्यून रहेको निष्कर्ष रहेको छ । साथै यस अध्ययनले संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना गर्न सकेको देखिँदैन ।

घिमिरे, (२०५६) द्वारा **हाम्रो नेपाली किताब कक्षा आठको बोधगम्यता अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त अध्ययन कक्षा आठका विद्यार्थीहरूमा हाम्रो नेपाली किताब कक्षा आठ बोधगम्य भए नभएको अध्ययन गर्ने उद्देश्य रहेको पाइन्छ । बोधगम्यताका दृष्टिले उक्त पाठ्यपुस्तकको कठिनाई स्तर विद्यार्थीको बोधगम्यतालाई ध्यान दिई बनाइनुपर्ने देखिन्छ । दोस्रो भाषाभाषी विद्यार्थीहरूका लागि प्रस्तुत पाठ्यपुस्तक उपत्यका र तराईमा समान बोधगम्य रहेको देखिन्छ । उक्त शोधमा कक्षा-८ को नेपाली पाठ्यपुस्तकमा पाठहरूलाई जटिलताको क्रममा मिलाउनुपर्ने, राष्ट्रको समग्र धर्म

संस्कृतिलाई संक्षिप्त रूपमा भएपनि समावेश गर्नुपर्ने, पाठमा शब्द चयन गर्दा आधुनिक र व्यवहारिक शब्दहरूको चयन गरी अनावश्यक शब्दहरू हटाउनुपर्ने जस्ता सुझावहरू पेश गरिएको पाइन्छ । उक्त अध्ययनमा पनि विद्यार्थीहरूमा बोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । यति हुँदाहुँदै पनि यस अध्ययनमा लिङ्गका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन भएको पाइदैन ।

उपाध्याय (२०६०) द्वारा **कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्य सम्बन्धित विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउन भाषिक पृष्ठभूमि, लैङ्गिकता, स्थानियता र क्षेत्रीयताका आधारमा अध्ययन गरिएको छ । उक्त शोधकार्यबाट विद्यार्थीहरूको पठनबोध क्षमता केलाई उनीहरूमा भएका कमीकमजोरीहरू निराकरणका उपायहरू सुझाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यस अध्ययनमा नेपाली मातृभाषि भन्दा दोस्रोभाषी, तराइबासी भन्दा पहाडबासी, सहरिया भन्दा ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । यति भइकन पनि यसले संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्न सकेको पाइएन ।

ज्ञवाली (२०६३) द्वारा गरिएको लघु शोधअध्ययनको शीर्षक **कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** रहेको छ । यस अध्ययनको उद्देश्य कक्षा दशमा अध्ययनरत छात्र-छात्रा, सहरिया, गाउँबासी, निजी र सरकारी विद्यालयमा रहेका विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु रहेको छ । यस अध्ययन कार्यमा प्रश्नावली, अवलोकन, अन्तर्वार्ता लगायतका विधिहरूको प्रयोग गरिएको छ । उक्त अध्ययनमा कक्षा १० मा अध्ययनरत छात्र भन्दा छात्रा, सहरिया भन्दा गाउँबासी, निजी भन्दा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा पठनबोध क्षमता राम्रो भएको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा अध्यापन गर्ने शिक्षक शिक्षिका दक्ष हुनुपर्ने, अदृष्टांश बोधलाई ध्यान दिनुपर्ने, सरकारी विद्यालयका विद्यार्थीहरूलाई पठनबोध विकासमा सरल उपाय अपनाइ अभ्यास गराउनुपर्ने जस्ता सुझाव प्रस्तुत गरिएका छन् । यस अध्ययनमा पठनबोधन क्षमता कमजोर हुनका कारणहरू पत्ता लगाइएको छैन साथै कक्षा १० का विद्यार्थीको अध्ययनले कक्षा ७ का विद्यार्थीहरूको समस्या सम्बोधन गर्न नसक्नु यसको कमजोर पक्ष हो ।

घिमिरे (२०६४) द्वारा **तीन कक्षा पूरा गरेका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन** शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य गरिएको छ । यो अध्ययन प्राथमिक विद्यालय तहका कक्षाका बालबालिकाहरूको सस्वर पठनसँग केन्द्रित रहेको छ । आफ्नो अध्ययनमा घिमिरेले तीन कक्षा पूरा गरेका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्ने, सरकारी र निजी विद्यालय तथा मातृभाषी र विमातृभाषी विद्यार्थीका बिच उक्त भाषिक सिपको तुलनात्मक अध्ययन र कठिनाइ क्षेत्र पत्ता लगाई सुभाव दिने उद्देश्य राखिएको छ । उक्त उद्देश्य अनुसार सरकारी भन्दा निजी र विमातृभाषाी भन्दा मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको र सस्वरपठनको स्तर मध्यम खालको रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

उल्लेखित अध्ययनमा प्रा.वि. तहका बालबालिकाहरूको अध्ययन सरकारी र निजी विद्यालय तथा मातृभाषी र विमातृभाषी बिचमा तुलना गरिएतापनि छात्र-छात्राहरूको बिच पठनबोध क्षमताको तुलनात्मक अध्ययन भएको पाईंदैन ।

प्रधान (२०६९) द्वारा गरिएको अध्ययनको शीर्षक **कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** रहेको छ । जसमा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्नु, लिङ्गका आधारमा छात्र तथा छात्राको पठनबोध क्षमता पहिल्याउनु र संस्थागत तथा सामुदायिक विद्यार्थीहरूमा पठनबोध क्षमता पहिल्याउनु रहेको छ । यस अध्ययनमा सर्वेक्षण विधिको प्रयोग गरिएको छ । जसमा जनसङ्ख्या, नमुना छनोट, सामग्री निर्माण, प्रारम्भिक अध्ययन, परीक्षा सञ्चालन तथा तथ्याङ्क सङ्कलन विधिको प्रयोग गरिएको छ साथै विद्यार्थीहरूको समग्र पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । जसमा जातीय दृष्टिले संस्थागत विद्यालयका विद्यार्थी भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको क्षमता उत्कृष्ट रहेको, नेपाली मातृभाषी विद्यार्थीमा भन्दा नेपाली दोस्रोभाषी विद्यार्थीमा पठनबोध क्षमता कम रहेको, सहरमा भन्दा ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको, तुलनात्मक रूपमा छात्र विद्यार्थी भन्दा छात्रा विद्यार्थीको प्रतिशत राम्रो देखिन्छ ।

यस अध्ययनमा प्रधानद्वारा लिङ्गका आधारमा छात्र तथा छात्राहरूको पठनबोध क्षमता पहिल्याउँदै संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याइएको छ । यी यस शोधकार्यका सबल पक्ष हुन् । तर पठनबोध क्षमता कमजोर हुने

कारणहरूको अध्ययन नहुनु यस शोधकार्यको कमजोर पक्ष हो । साथै कक्षा ८ को अध्ययनले कक्षा ७ का विद्यार्थीका समस्या सम्बोधन गर्न नसकिनु यसका कमजोर पक्ष हुन् ।

हाम्रो देशमा सामुदायिक र संस्थागत गरी दुई किसिमका विद्यालयहरू छन् । ती विद्यालयहरूमा एउटै पाठ्यक्रममा आधारित भिन्न भिन्न पाठ्यपुस्तकहरू प्रयोग हुँदै आएको अवस्था छ । पठनबोध सम्बन्धी भएको पूर्ववर्ती अध्ययनहरूमा शङ्करकुमार राईको अध्ययनमा छात्र-छात्राहरूको पठनबोध क्षमताको तुलना नगरिएको, रेणुका शाक्यको अध्ययनले संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना गर्न सकेको देखिँदैन । कृष्णप्रसाद ज्ञवालीको अध्ययनमा पठनबोध क्षमता कमजोर हुनका कारणहरू पत्ता लगाइएको देखिँदैन । त्यस्तै संगीतादेवी घिमिरेको अध्ययनमा छात्रछात्रा बिच पठनबोध क्षमताको तुलनात्मक अध्ययन गरिएको छैन भने होमनाथ प्रधानको अध्ययनमा पठनबोध क्षमता कमजोर हुनका कारणहरू प्रस्तुत गरिएको देखिँदैन । प्रस्तुत शोधकार्यका सन्दर्भमा कक्षा ७ का विद्यार्थीहरूको पठनबोध क्षमता, संस्थागत र सामुदायिक विद्यालय क्षेत्रको स्तरको तुलना, लिङ्गका आधरमा छात्र छात्राको पठनबोध क्षमता पहिल्याउनु र पठनबोध क्षमताको कमजोर पक्षा पत्ता लगाई सुधारका लागि सुझाव पेश गरिएको छ । त्यसैले यो शोधकार्य औचित्यपूर्ण हुने अपेक्षा गरिएको छ ।

## २.२ पूर्वकार्यको अध्ययनको तात्पर्य/उपयोगिता

पूर्वकार्यको उपयुक्त अध्ययनपूर्ण सर्वेक्षण र समीक्षाबाट प्रस्तावित शोध शीर्षक किन औचित्यपूर्ण छ भन्ने कुराको पुष्टि हुन्छ । पूर्वकार्यको समीक्षाले त्यस विषयमा त्यसपूर्व गरिएको अध्ययन, अनुसन्धान, अपूर्ण, अपर्याप्त, खण्डनीय, मण्डनीय, परिस्कार्य वा विस्तारणीय छ भन्ने पनि पुष्टि गर्दछ र प्रस्तावित शोधको औचित्य पुष्टि हुन जान्छ । यसरी शोधको औचित्य पुष्टि भएसकेपछि त्यस शोधकार्यको प्राज्ञिक चुनौती, व्यावहारिक, उपादेयता समेत छर्लङ्ग हुन जान्छ (भण्डारी २०६८:११२) ।

अनुसन्धानमा पूर्वकार्यको समीक्षा अत्यन्तै महत्त्वपूर्ण हुन्छ । शोधकार्यमा पूर्व कार्यको उपयोगिता यसप्रकार रहेको छ ।

क) पूर्वकार्यको समीक्षाले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक चयन गर्न सहयोग गर्दछ ।

ख) पूर्वकार्यको समीक्षाले अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न र अनुसन्धान पद्धति निर्क्यौल गर्न उपयोगी हुन्छ ।

ग) सम्बन्धित विषयको गहिरो ज्ञान हाँसिल गर्न अनुसन्धानलाई वैध र विश्वसनीय बनाउन पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ ।

घ) पूर्वकार्यको समीक्षाले अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन र नयाँ सिद्धान्तको खोजी गर्न उपयोगी हुन्छ ।

ङ) अनुसन्धान ढाँचा निर्धारण गर्न उपयुक्त र अनुकुल उपकरणको छनोट गर्न पूर्वकार्यको समीक्षाले सहयोग पुऱ्याउँछ ।

च) पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउन पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ ।

## २.३ सैद्धान्तिक अवधारणा

अनुसन्धानबाट विभिन्न अवधारणा, नियम उपनियमहरूको निर्माण गरी त्यसलाई सैद्धान्तिक रूप प्रदान गर्न सकिन्छ । साथै अनुसन्धानबाट नयाँ सिद्धान्तको निर्माण गर्न पनि सकिन्छ । कुनै पनि विषयवस्तुको बारेमा अध्ययन अनुसन्धान गर्नु भनेको मूलतः नयाँ सिद्धान्तको निर्माण गर्नु नै हो । "सिद्धान्त तथ्यहरूको अन्तरसम्बन्धको योग हो, ति तथ्यहरू अनुसन्धानबाटै प्राप्त हुन्छन्" सिवाकोटी (२०६४:३८) ।

अनुसन्धान कार्यलाई के कसरी अघि बढाउने भन्ने सन्दर्भमा सिद्धान्तले निर्देशकको कार्य गर्ने भएकाले अनुसन्धानमा सिद्धान्तको महत्त्वपूर्ण भूमिका रहन्छ । सिद्धान्तले अनुसन्धानकर्ताका लागि समयको बचत, आवश्यक तथ्य कुराहरूको सङ्कलन गरी अध्ययन कार्यलाई व्यवस्थित गर्न मद्दत गर्दछ । यसले अनुसन्धानलाई अर्थपूर्ण बनाई सामान्यीकरण गर्न र सैद्धान्तिक अवधारणात्मक ढाँचा प्रदान गरी शोधलाई विश्वसनीय बनाउन मद्दत गर्दछ । कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नुपूर्व त्यसको सैद्धान्तिक ढाँचा तयार गर्न आवश्यक हुन्छ । सैद्धान्तिक ढाँचाले अनुसन्धान कार्यलाई तथ्यपूर्ण, विश्वासनीय र व्यावहारिक बनाउँछ । सबै सिद्धान्त तथ्यबाट शुरू भएर तथ्यमा नै समाप्त हुन्छन् । तथ्य नै सिद्धान्त शुरू गर्ने बिन्दु हो (ऐ:४०) । काल्पनिक र आधारविहीन कुराहरूबाट सिद्धान्त निर्माण गर्न सकिँदैन । सत्य, तथ्य र विश्वसनीय विषयवस्तुलाई मात्र आधार बनाएर अनुसन्धान कार्य गर्ने गरिन्छ । जसले गर्दा नयाँ सिद्धान्त निर्माण गर्ने कार्यमा मद्दत गर्दछ । सिद्धान्तले अध्ययनलाई व्यवस्थित गरी नयाँ क्षेत्रमा खोज सामान्यीकरण र नयाँ अध्ययनको

शैली उपलब्ध गराउँछ साथै तथ्यहरूलाई वैज्ञानिक रूपमा विश्लेषण गर्न सहयोग पुऱ्याउँछ । त्यसैले कुनै पनि अनुसन्धानको प्रमुख उद्देश्य भनेको नै सिद्धान्त प्रतिपादन गर्नु हो ।

प्रस्तुत शोधमा विषयवस्तुको गहन अध्ययन गरी सैद्धान्तिक ढाँचा निर्माण गरिएको छ । पठनबोधसँग सम्बन्धित विषय भएकाले पठनबोधका माध्यमबाट सिकाइ उपलब्ध प्राप्त गर्ने विषयका बारेमा नयाँ सिद्धान्तको निर्माण गर्न सकिने अपेक्षा राखिएको छ । भाषा बोध र अभिव्यक्तिसँग सम्बन्धित भएकाले भाषासँग सम्बन्धित विषयवस्तु पनि विद्यार्थीको रूचि, क्षमता एवम् पूर्वानुभावसँग मेल खाने गरी निर्माण गरिनुपर्दछ । जसबाट अध्ययन अनुसन्धानका क्षेत्रमा सिकाइको नयाँ सिद्धान्त प्रतिपादन गर्न सहयोग पुग्दछ । बोधले नै सिकाइलाई व्यवस्थित र दिगो बनाउँदै लैजाने भएकाले अवधारणात्मक ढाँचा अनुरूप पाठ्यपुस्तकमा पठनबोधलाई समावेश गर्नुपर्दछ । पठनबोधसँग सम्बन्धित विषयवस्तु भएकाले पठन र बोधलाई सिकाइको सिद्धान्तसँग पनि नजिक रहेर विश्लेषण गर्न सकिन्छ । अन्तरदृष्टिको सिकाइलाई ज्ञानात्मक सिकाइ वा सुझको सिद्धान्त पनि भनिन्छ (श्रेष्ठ र अन्य) । यो गेस्टाल्टवादी मनोविज्ञानको उपज हो । गोस्टाल्ट कुनै मनोवैज्ञानिकको नाम नभई एक समुह वा विद्यालय संस्थाको रूप हो । “गोस्टाल्ट” जर्मन भाषाको "Gestalten" भन्ने शब्दबाट लिइएको हो, जसको अर्थ “आकृति” वा “स्वरूप” हुन्छ । १९१२ मा मैक्स वढाईमरले गेस्टाल्टवादीको धारणा ल्याएका हुन् । उनका शिष्यहरू उल्पग्याङका कोलहरले क्रमशः १९२५ मा “The mentality of apes” नामक र कुर्ट कोरकाले “The Growth of the mind” -१९२४ मा अङ्ग्रेजी भाषामा प्रकाशित गरेका थिए । बर्दाइमरले उत्पादनात्मक चिन्तनको सोझो स्वच्छ, साँचो प्रक्रिया प्रस्तुत गरेका थिए । उनले केन्द्रिकरण, सामुहिकरण र पुनर्सङ्गठन जस्ता प्रक्रियामा जोड दिए (श्रेष्ठ र अन्य) ।

अमेरीका र जर्मनीमा परम्परावादी र व्यवहारवादी मनोवैज्ञानिकहरूको विरुद्धमा यो विचार आएको हो । S-R सिद्धान्तलाई अन्धो सिद्धान्त र परम्पराको रूपमा आलोचना गर्दै यो सिद्धान्तको सुरुवात भएको हो । उक्त सिद्धान्तको वैकल्पिक विधिको रूपमा यो सिद्धान्त आयो । गेस्टाल्टवादीले सरलता, पूर्णता, समग्रता, सुन्दर आकृतिमाथि जोड दिए । यस क्रममा कोलहरको चिम्पान्जीको प्रयोग, बदाईमरको बच्चाहरू माथिको प्रयोग, कलेजका विद्यार्थी माथिको प्रयोग उल्लेखनीय छन् । कोफ्काका अनुसार “अन्तरदृष्टि मनमा आएका विभिन्न कुराहरू वा दिमागमा खेलेका भनेका विभिन्न विचारहरू वा त्रानको आधारमा देखापर्ने विभिन्न तर्कहरू हुन् । यस्ता कुराहरू समस्याको स्वरूप र त्यसको प्रत्यक्षीकरणको आधार हुने गर्दछन् (ऐ.) ।

कोहलरको संज्ञानात्मक सिकाइको सिद्धान्तले सिकाइ मानसिक प्रक्रियाबाट प्राप्त गर्न सकिने कुरालाई जोड दिइएको छ । उनका अनुसार सिकाइ प्रत्यक्षीकरणबाट सम्भव हुन्छ । उनले चिम्पाञ्जी र लट्ठीको प्रयोगबाट प्रतिपादित सिकाइ सिद्धान्तले यसै कुराको पुष्टि गर्दछ । कोहलरले चिम्पाञ्जीलाई ठूलो कोठामा थुनेर उनले त्यस कोठाको सिलिङमा चिम्पाञ्जीले नभेट्ने गरी केरा झुण्ड्याएका थिए । त्यस कोठामा स-साना बाकसहरू राखिएको थियो । भोकाएको सुल्तानले पहिले एउटा बाकस राखेर केरा प्राप्त गर्न खोज्यो उ असफल भयो । बारम्बारको प्रयासबाट उसले अरू बाकसहरू एकमाथि अर्को राख्दै केरा प्राप्त गर्न सफल भयो । त्यसैगरी मानसिक सक्रियताले मात्र सिकाइ प्राप्त हुने कुरा हो भन्ने देखाइएको छ । अर्थात् सिकाइ हुनको लागि संज्ञानात्मक सुझ र अन्तरदृष्टिको आवश्यकता पर्दछ । विद्यार्थीले कुनै पनि सिकाइ हाँसिल गर्नको लागि मानसिक रूपमा सक्रिय हुन आवश्यक हुन्छ । यसरी पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न पठनबोधसम्बधी विषयवस्तुले भाषाका सीप पक्षको अभिवृद्धि गरी सिकाइका लागि सक्रियता बढाउन मद्दत पुग्ने देखिन्छ ।

जसरी पठनबोध पढ्ने र त्यसलाई बुझ्ने कुरासँग सम्बन्धित छ, त्यसैगरी संज्ञानात्मक सिकाइ प्रक्रिया पनि व्यक्तिको बौद्धिक प्रक्रियासँग सम्बन्धित छ । पढेर बुझ्ने कुरालाई पनि प्रत्यक्षीकरण, कल्पना, चिन्तन शक्ति, धारणा, तर्क शक्तिका माध्यमबाट बोध गर्नुपर्छ । जसका आधारमा नै सिकारुले आफ्ना व्यक्तिगत तथा स्वेच्छिक समस्याहरूको समाधान गर्न सक्छ ।

## अध्याय तीन

# अध्ययनको विधि र प्रक्रिया

### ३.१ अध्ययनको ढाँचा

प्रस्तुत अध्ययन बेलबारी गा.वि.स. का संस्थागत दुई र सामुदायिक दुई गरी जम्मा चार वटा विद्यालयहरूका १० छात्र र १० छात्रा गरी प्रत्येकबाट २०/२० जना नमुना विद्यार्थी छनोट गरिएको छ । कक्षा ७ मा पढ्ने विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने र छात्रा र छात्र कुनमा बढी भनी पत्ता लगाउने, संस्थागत र सामुदायिक कुन विद्यालयका विद्यार्थीहरूमा पठनबोध क्षमता राम्रो छ भनी पत्ता लगाउनु, पठनबोध क्षमता कमजोर हुने कारण पत्ता लगाउनु र पठनबोध क्षमताको अभिवृद्धि गर्न आवश्यक सुझाव पेश गर्नु जस्ता उद्देश्य यस अध्ययनको रहेको छ । जसमा परीक्षाका माध्यमबाट आवश्यक तथ्याङ्क सङ्कलन गरी त्यस तथ्याङ्कका आधारमा व्याख्या विश्लेषण गरिएको छ । उक्त तथ्याङ्कलाई वैज्ञानिक ढङ्गले वस्तुपरक रूप प्रदान गर्न प्रतिशत गणना, मध्यमान, मानक विचलन र विभिन्न चलहरू बिच तुलनात्मक व्याख्या र विश्लेषण गर्न परीक्षण तथा साङ्ख्यिकीय विधिको प्रयोग गरिएको छ ।

यो अध्ययन कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूमा निहित पठनबोध क्षमता पहिल्याउने कुरामा केन्द्रित रहेकाले विद्यार्थीहरूलाई नै महत्त्व दिएर निष्कर्ष निकालिएको छ ।

कुनै पनि अनुसन्धान औपचारिक एवम् व्यवस्थित कार्य भएकाले यसमा सोही अनुसन्धान विषयसँग सम्बन्धित खास विधिहरूको उपयोग गरिएको हुन्छ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण सबैभन्दा महत्त्वपूर्ण विषय हो । स्पष्ट अध्ययन विधि विनाको शोधकार्य निरर्थक हुने हुँदा स्पष्ट अध्ययन विधिको प्रयोगले शोधकार्य सफल बनाउन विधा अर्थात् ढाँचाको आवश्यकता परेको हो । यसका लागि व्याख्यात्मक, विश्लेषणात्मक, परिमाणात्मक र गुणात्मक ढाँचाहरूको प्रयोग गरिएको छ । परीक्षाबाट प्राप्त परिणामहरूको व्याख्या विश्लेषण गरिएकाले यो व्याख्यात्मक र विश्लेषणात्मक छ । विद्यार्थीहरूको गुणात्मक पक्षहरूको अध्ययन गरिएको हुनाले यो गुणात्मक र परीक्षाबाट प्राप्त परिमाणका आधारमा विद्यार्थीहरूको गुणको विश्लेषण गरिएको हुनाले यस अध्ययनमा मिश्रित ढाँचाको प्रयोग

गरेर शोधकार्य गरिएको छ । नमुना छनोटमा परेका छात्रछात्राहरूको विभिन्न आधारमा पठनबोध क्षमता पत्ता लगाई आवश्यक सुधार र परिमार्जनका लागि मिश्रित ढाँचाले मद्दत पुऱ्याउँछ ।

## ३.२ अध्ययनको जनसङ्ख्या र नमुना छनोट प्रक्रिया

जुनसुकै कुराको पनि अध्ययन विश्लेषण गर्न जनसङ्ख्याको नितान्त आवश्यकता पर्दछ । यस अध्ययनमा मोरङ जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । मोरङ जिल्लाको बेलबारी गा.वि.स. बाट ४ विद्यालयको २०/२० जना विद्यार्थीहरू गरी जम्मा ८० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

नमुना छनोट प्रक्रियाले जनसङ्ख्याको पूर्ण रूपमा प्रतिनिधित्व गरेको हुन्छ । कुनै पनि अनुसन्धानको व्याख्या तथा विश्लेषण गर्दा सम्पूर्ण जनसङ्ख्याबाट प्रतिनिधि स्वरूप लिइएको नमुना महत्त्वपूर्ण हुन्छ । प्रस्तुत अध्ययनमा प्रतिनिधि नमुनाका लागि मोरङ जिल्लाको बेलबारी गा.वि.स. का संस्थागत दुई र सामुदायिक दुई गरी जम्मा चार वटा विद्यालयका ८० जना विद्यार्थी नमुना छनोट प्रक्रिया अन्तर्गत लिइएको छ । जस अन्तर्गत श्री भगवती उ.मा.वि बाट छात्रा १० र छात्र १० गरी जम्मा २० जना, शिक्षा सन्देश इङ्लिश स्कुलबाट छात्रा १० र छात्र १० गरी जम्मा २० जना, श्री कविर मा.वि बाट छात्रा १० र छात्र १० गरी जम्मा २० जना र श्री भानु मेमोरियल इङ्लिस स्कुलबाट छात्रा १० र छात्र १० गरी जम्मा २० जना रहेका छन् । नमुना छनोट गर्दा उच्च, मध्यम र न्यून बौद्धिक क्षमता रहेका विद्यार्थीलाई नमुना जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका सामग्रीहरू

यस अध्ययनमा प्रयोग गरिने सामग्री निर्माण गर्ने क्रममा दृष्टांश र अदृष्टांश प्रश्नपत्र तयार गरिएको छ । दृष्टांश पठनबोधका लागि ४५ र अदृष्टांश पठनबोधका लागि १५ पूर्णाङ्क गरी ६० पूर्णाङ्क कायम गरिएको छ । अदृटांश अन्तर्गत लोकनीति कथा सङ्ग्रहको 'सम्पत्तिको फूर्ति' शीर्षकको कथा चयन गरिएको छ । ४५ पूर्णाङ्क दृष्टांशको लागि पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित हाम्रो नेपाली किताबबाट आह्वान गीत (कविता), पीपल (प्रबन्ध), अब्राहम लिङ्कन (जीवनी) विधाबाट सामग्री सङ्कलन गरिएको

छ त्यस्तै त्यस्तै आठराई पब्लिकेसन प्रा.लि. को रसिलो नेपाली किताब कक्षा ७ बाट पनि ४५ पूर्णाङ्कको दृष्टांशका लागि सङ्कट पर्दछ मानिसलाई (कविता), मृगका पाठाझैँ उफ्रँदै (निबन्ध), टमस एल्बा एडिसन (जीवनी) गरी ३ विधाबाट लिइएको छ र जम्मा ६० पूर्णाङ्क (दृष्टांश र अदृष्टांश) कायम गरिएको छ । प्रत्येक विधा (कथा, कविता, निबन्ध, प्रवन्ध, जीवनी) बाट बोध प्रश्नका लागि ६ अङ्क, शब्दको अर्थलाई २ अङ्क, शब्दको वाक्यमा प्रयोगलाई ३ अङ्क, शुद्ध पार्ने २ अङ्क र जोडा मिलाउनेलाई २ अङ्क गरी ६० पूर्णाङ्क कायम गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रश्नपत्र तयार भएपछि विद्यालय प्रशासनको सहयोगमा नमुना छनोटमा परेका विद्यार्थीहरूलाई राखी उक्त अनुच्छेद पढ्न लगाई उत्तर लेख्न लगाइएको छ । जसमा परीक्षाको समय २ घण्टा रहेको छ । जसमा पूर्णाङ्क ६० र उत्तीर्णाङ्क २० रहेको छ ।

उक्त परीक्षा सञ्चालनपछि प्राप्त भएका प्राप्ताङ्क नै तथ्याङ्क विश्लेषणको आधार हो । त्यसैले परीक्षा सञ्चालन पश्चात उत्तरपुस्तिकाको जाँच गरिएको छ । चार विधाका बोध प्रश्नका लागि ६ अङ्क, शब्दको अर्थलाई २ अङ्क, शब्दको वाक्यमा प्रयोगलाई ३ अङ्क, शुद्ध पार्ने २ अङ्क र जोडा मिलाउनेलाई २ अङ्क गरी ६० अङ्क प्रदान गरिएको छ । जसमा ४५ दृष्टांशलाई र १५ अदृष्टांशलाई अङ्क प्रदान गरिएको छ । उक्त परीक्षाबाट प्राप्त प्राप्ताङ्कलाई तथ्याङ्क विश्लेषण पद्धतिद्वारा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस पठनबोध क्षमता सम्बन्धी गरिएको अध्ययन बेलबारी गा.वि.स. का विभिन्न संस्थागत तथा सामुदायिक विद्यालयको कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस क्षेत्रमा रहेका संस्थागत र सामुदायिक गरी जम्मा चारओटा विद्यालयबाट जम्मा ८० जना विद्यार्थीहरू लिई आवश्यक तथ्याङ्क सङ्कलन गरी त्यस तथ्याङ्कका आधारमा व्याख्या र विश्लेषण गरिएको छ । उक्त तथ्याङ्कलाई तथ्यपरक र वस्तुगत बनाउन प्रतिशत गणना, मध्यमान, मानक विचलन र विभिन्न चलहरू बीच तुलनात्मक व्याख्या विश्लेषण गर्न परीक्षण लगायतका साङ्खिकीय विधि प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ ।

### ३.५.१ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

### ३.५.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

**तालिका नं. १**

| कुल सङ्ख्या | ४० प्रतिशत भन्दा कम | | ५० प्रतिशत भन्दा कम | | ६० प्रतिशत भन्दा कम | | ७० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ५ | ६.२५ | २ | २.५ | ७ | ८.७५ | ११ | १३.७५ | १५ | १८.७५ | ४० | ५० |

स्रोतः विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा


उपर्युक्त तालिका अनुसार समग्र विद्यार्थीहरूको पठनबोध क्षमतालाई गणना गर्दा प्रतिनिधि सङ्ख्याका आधारमा जम्मा ६ श्रेणीमा निर्धारण गरिएको छ । जसअनुसार ४० प्रतिशत भन्दा कम पठनबोध भएका विद्यार्थीहरूको सङ्ख्या ६.२५ प्रतिशत रहेको पाइन्छ । ४० प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा कम पठनबोध भएका विद्यार्थीहरूको सङ्ख्या २.५ प्रतिशत रहेको छ । त्यस्तै ५० प्रतिशत भन्दा माथि र ६० प्रतिशत भन्दा कम पठनबोध भएका विद्यार्थीहरूको सङ्ख्या ८.७५ प्रतिशत रहेको छ । ६० प्रतिशतभन्दा माथि र ७० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३.७५ रहेको छ । त्यस्तै ७० प्रतिशत भन्दा माथि र ८० प्रतिशतभन्दा कम पठनबोध भएका विद्यार्थी सङ्ख्या १८.७५ रहेको छ र ८० प्रतिशत भन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या ५० प्रतिशत रहेको छ ।

उक्त तालिका अनुसार न्यूनतम श्रेणी मानिएको ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थी प्रतिशत अङ्क ६.२५ र उच्चतम श्रेणी मानिएको ८० प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थी प्रतिशत अङ्क ५० प्रतिशत रहेको छ ।

उक्त तालिका अनुसार तल्लो वा न्यूनतम श्रेणी ४० प्रतिशतभन्दा कम विद्यार्थी सङ्ख्या ६.२५ रहेको र ५० प्रतिशत भन्दा माथि बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी देखिएकोले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ ।

**चित्र नं. १**




### ३.५.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

तालिका नं. २

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ४४.४६ | ९.८० | ५० | ६२.५ | ३० | ३७.५ |

२स्रोतः विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा


माथिको तालिका अनुसार कुल विद्यार्थी सङ्ख्या ८० विद्यार्थीहरूको समग्र मध्यमान ४४.४६ रहेको छ भने मानक विचलन ९.८० रहेको छ । समग्र मध्यमानलाई वर्गीकरण गर्दा ७२.५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३७.५ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका छन् । यस तालिकामा मध्यमान भन्दा तल र मध्यमान भन्दा माथि विद्यार्थी सङ्ख्या अन्तर रहेको छ । मध्यमान भन्दा माथि ६२.५ प्रतिशत विद्यार्थी रहेकाले विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

तथ्याङ्क वितरणमा एकरुपता छ वा छैन भन्ने कुरा मानक विचलनबाट थाहा हुने भएकाले यहाँ मानक विचलन ९.८० रहेको छ । स्तरीय भिन्नता जति सानो हुन्छ, त्यति नै तथ्याङ्कमा एकरूपताको मात्रा अधिक हुन्छ । (खनाल २०६१:१८६)

यसका आधारमा हेर्ने हो भने मानक विचलन सानो रहेकाले समग्र विद्यार्थीहरूको पठनबोध क्षमतामा एकरूपता देखिन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति**

**चित्र नं. २**




### ३.५.२ समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

#### ३.५.२.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

**तालिका नं. ३**


| कुल सङ्ख्या | ४० प्रतिशत भन्दा कम | | ५० प्रतिशत भन्दा कम | | ६० प्रतिशत भन्दा कम | | ७० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ४ | ५ | ४ | ५ | ५ | ६.२५ | १२ | १५ | १२ | १५ | ४३ | ५३.७५ |

स्रोत: विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा

उल्लिखित तालिका अनुसार प्रतिनिधि नमुना छनोटमा समावेश गरिएका ८० जना विद्यार्थीहरूको पठनबोध क्षमतालाई ६ श्रेणी मानिएको छ । जसअनुसार ४० प्रतिशत भन्दा कम पठनबोध भएका विद्यार्थीहरूको सङ्ख्या ५ प्रतिशत रहेको पाइन्छ । ४० प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा कम पठनबोध भएका विद्यार्थीहरूको सङ्ख्या ५ प्रतिशत रहेको छ । त्यस्तै ५० प्रतिशत भन्दा माथि र ६० प्रतिशत भन्दा कम पठनबोध भएका विद्यार्थीहरूको सङ्ख्या ६.२५ प्रतिशत रहेको छ । ६० प्रतिशतभन्दा माथि र ७० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १५ प्रतिशत रहेको छ । त्यस्तै ७० प्रतिशत भन्दा माथि र ८० प्रतिशतभन्दा कम पठनबोध भएका विद्यार्थी सङ्ख्या १५ प्रतिशत रहेको छ र ८० प्रतिशत भन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या ३२.६३ प्रतिशत रहेको छ ।

उक्त तालिका अनुसार न्यूनतम श्रेणी मानिएको ४० प्रतिशत भन्दा पठनबोध क्षमता भएका विद्यार्थी ५ प्रतिशत र उच्चतम श्रेणी मानिएको ८० प्रतिशत भन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थी ५३.७५ प्रतिशत रहनुले दृष्टांश पठनबोध क्षमता उत्कृष्ट रहेको छ ।

**चित्र नं. ३**




### ३.५.२.२ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

**तालिका नं. ४**


| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ३३.८३ | ७.५४ | ५० | ६२.५ | ३० | ३७.५ |

२स्रोतः विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा

माथिको तालिका अनुसार दृष्टांश पठनबोध क्षमताको कुल विद्यार्थी सङ्ख्या ८० रहेको छ । विद्यार्थीहरूको समग्र मध्यमान ३३.८३ रहेको छ भने मानक विचलन ७.५४ रहेको छ । समग्र मध्यमानलाई वर्गीकरण गर्दा ६२.५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३७.५ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका छन् । विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता मध्यमानको आधारमा कम भएको भन्दा मध्यमान भन्दा बढी पठनबोध क्षमता भएकाले विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

मानक विचलनका आधारमा हेर्ने हो भने दृष्टांश मानक विचलन ७.५४ रहनुले विद्यार्थीहरूको प्राप्ताङ्कको वितरणमा एकरूपता देखिन्छ ।

चित्र नं. ४




### ३.५.३ समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

### ३.५.३.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका नं. ५


| कुल सङ्ख्या | ४० प्रतिशत भन्दा कम | | ५० प्रतिशत भन्दा कम | | ६० प्रतिशत भन्दा कम | | ७० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ४ | ५ | ७ | ८.७५ | ९ | ११.२५ | ११ | १३.७५ | १४ | १७.५ | ३५ | ४३.७५ |

स्रोत: विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा

उल्लिखित तालिका अनुसार प्रतिनिधि नमुना छनोटमा समावेश गरिएका ८० जना विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको १५ पूर्णाङ्क निर्धारण गरिएको छ । यसलाई ६ श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार ४० प्रतिशत भन्दा कम अदृष्टांश पठनबोध भएका विद्यार्थीहरूको सङ्ख्या ५ प्रतिशत रहेको पाइन्छ । ४० प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा कम अदृष्टांश पठनबोध भएका विद्यार्थीहरूको सङ्ख्या ८.७५ प्रतिशत रहेको छ । त्यस्तै ५० प्रतिशत भन्दा माथि र ६० प्रतिशत भन्दा कम पठनबोध भएका विद्यार्थीहरूको सङ्ख्या ११.२५ प्रतिशत रहेको छ । ६० प्रतिशतभन्दा माथि र ७० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३.७५ प्रतिशत रहेको छ । त्यस्तै ७० प्रतिशत भन्दा माथि र ८० प्रतिशतभन्दा कम अदृष्टांश पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या १७.५ प्रतिशत रहेको छ भने ८० प्रतिशत भन्दा माथि अदृष्टांश पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या ४३.७५ प्रतिशत रहेको छ ।

उक्त तालिका अनुसार न्यूनतम श्रेणी मानिएको ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५ प्रतिशत र उच्चतम श्रेणी मानिएको ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४३.७५ प्रतिशत रहनुले अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको छ ।

**चित्र नं. ५**




### ३.५.३.२ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

**तालिका नं. ६**


| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | १०.६२ | १०.९९ | ४९ | ६१.२५ | ३१ | ३८.७५ |

२स्रोतः विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा

माथिको तालिका अनुसार अदृष्टांश पठनबोध क्षमताको कुल विद्यार्थी सङ्ख्या ८० रहेको छ । विद्यार्थीहरूको समग्र मध्यमान १०.६२ रहेको छ भने मानक विचलन १०.९९ रहेको छ । समग्र अदृष्टांश पठनबोध क्षमताको मध्यमान १०.६२ लाई आधार मान्दा मध्यमानभन्दा माथि पठनबोध क्षमता रहेको विद्यार्थी सङ्ख्या ६१.२५ प्रतिशत रहेको छ भने मध्यमान भन्दा तल पठबोध क्षमता भएका विद्यार्थी सङ्ख्या ३८.७५ प्रतिशत रहेको छ । यहाँ मध्यमानको आधारमा तल र माथि पठनबोध क्षमता रहेका विद्यार्थीहरूमा मध्यमान भन्दा माथि विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता बढी रहेकाले कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको समग्र अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको छ । विद्यार्थीहरूको अदृष्टांश

पठनबोध क्षमतालाई मानक विचलनका आधारमा हेर्दा मानक विचलन १०.९९ रहेको छ यो सामान्यतया धेरै विचलन हो । तसर्थ समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतामा एकरूपता पाईंदैन । यसरी एकरूपता नपाइनुले विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतामा विविधता रहेको कुरा स्पष्ट हुन्छ ।

**चित्र नं. ६**




### ३.५.३.३ समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना

**तालिका नं. ७**


| सम्पूर्ण सङ्ख्या | दृष्टांश पाठ | अदृष्टांश पाठ |
|---|---|---|
| मध्यमान | ३३.८३ | १०.६२ |
| मानक विचलन | ७.५४ | १०.९९ |
| कुल पूर्णाङ्क ६० | ४५ | १५ |

स्रोत: विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा

उल्लिखत तालिका अनुसार सम्पूर्ण विद्यार्थी सङ्ख्या ८० रहेको छ भने कुल पूर्णङ्क ६० रहेको छ । जसमा दृष्टांश पठनबोधका लागि ४५ पूर्णाङ्क छ भने अदृष्टांश पठनबोधका लागि १५ पूर्णाङ्क रहेको छ । समग्र दृष्टांश पठनबोध क्षमतातर्फको मध्यमान ३३.८३ रहेको छ भने अदृष्टांश पठनबोध तर्फको मध्यमान ७.५४ रहेको छ । दृष्टांश तर्फ पठनबोध क्षमता ६२.५ प्रतिशत ८० प्रतिशत भन्दा माथि ४३.७५ रहेको छ । उक्त दुवै तर्फको प्रतिशत हेर्दा अदृष्टांश पठनबोध क्षमता भन्दा दृष्टांश पठनबोध क्षमता राम्रो रहेको छ । उक्त तालिकामा प्रस्तुत गरिएको दृष्टांश र अदृष्टांश मानक विचलनलाई हेर्दा दृष्टांश ७.५४ र अदृष्टांश पठनबोध १०.९९ रहनुले तुलनात्मक रूपले हेर्दा दृष्टांश पठनबोध भन्दा अदृष्टांश पठनबोध धेरै रहेको छ । तसर्थ अदृष्टांश पठनबोधको तुलनामा दृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको छ । अदृष्टांश पठनबोध क्षमताको विचलनमा कमी ल्याउन सबै

विद्यार्थीहरूलाई समान सहभागिता गराई धेरै भन्दा धेरै अदृष्टांश उद्धरणहरूको अभ्यास गराउनुपर्ने आवश्यकता देखिन्छ ।

**चित्र नं. ७**




### ३.५.३.४ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति

**तालिका नं. ८**

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | लिङ्ग | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | छात्रा | ४० | २८ | ६० | १२ | ३० |
| | | | छात्र | ४० | २१ | ५२.५ | १९ | ४७.५ |
| ८० | ४४.४६ | ९.८० | विद्यालयको प्रकृति | | | | | |
| | | | संस्थागत | ४० | ३१ | ७७.५ | १९ | ४७.५ |
| | | | सामुदायिक | ४० | १८ | ४५ | २२ | ५५ |

स्रोतः विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा

उल्लिखित तालिका अनुसार कुल विद्यार्थी सङ्ख्या ८० जना रहेको छ । समग्र मध्यमान ४४.४६ र समग्र मानक विचलन ९.८० रहेको छ । यही तालिकालाई आधार मानी विद्यार्थीहरूको समूहगत पठनबोध क्षमताको स्थिति निम्नानुसार रहेको छ ।

माथिको तालिकामा विद्यालयको प्रकृति अनुसार संस्थागत र सामुदायिक गरी दुई थरी विद्यालयलाई लिइएको छ । जसमा संस्थागत विद्यालयका ४० जना मध्ये मध्यमान भन्दा माथि ७७.५ प्रतिशत रहेको पाइयो र मध्यमान भन्दा तल २२.५ प्रतिशत पाइयो तर


सामुदायिक विद्यालयमा भने मध्यमान भन्दा माथि पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या ४५ प्रतिशत र मध्यमान भन्दा तल पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या ५५ प्रतिशत रहेको पाइयो ।

यसरी दुवै थरीका विद्यालयका विद्यार्थीलाई तुलनात्मक रूपमा हेर्दा संस्थागत विद्यालय भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको पाइयो ।

प्रस्तुत अध्ययनमा लिङ्गगत दृष्टिले पठनबोध क्षमतालाई हेर्दा जम्मा ८० जना विद्यार्थीहरू मध्ये ४० जना छात्रा र ४० जना छात्र रहेका छन् । समग्र मध्यमान ४४.४६ र समग्र मानक विचलन ९.८० रहेको छ ।

छात्राहरूको पठनबोध क्षमता समग्र पठनबोध क्षमता मध्यमान भन्दा माथि ७० प्रतिशत रहेको छ भने ३० प्रतिशत पठनबोध क्षमता मध्यमान भन्दा तल रहेको छ । यस तथ्यलाई विश्लेषण गर्दा छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको छ । त्यस्तै छात्रहरूको पठनबोध क्षमता समग्र पठनबोध क्षमताको मध्यमान भन्दा माथि ५२.५ प्रतिशत र मध्यमान भन्दा तल ४७.५ प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजक रहेको पाइन्छ ।

**चित्र नं. ८**



### ३.५.३.५ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत दृष्टांश पठनबोध क्षमताको समूहगत स्थिति

**तालिका नं. ९**

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | लिङ्ग | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | छात्रा | ४० | २८ | ७० | १२ | ३० |
| | | | छात्र | ४० | २४ | ६० | १६ | ४० |
| ८० | ३३.८३ | ७.५४ | विद्यालयको प्रकृति | | | | | |
| | | | संस्थागत | ४० | ३२ | ८० | ८ | २० |
| | | | सामुदायिक | ४० | १८ | ४५ | २२ | ५५ |

स्रोत: विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा

उल्लिखित तालिका अनुसार कुल विद्यार्थी सङ्ख्या ८० जना रहेको छ । यस अध्ययनमा दृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान ३३.८३ रहेको छ भने समग्र मानक विचलन ७.५४ रहेको छ । उक्त मानक विचलन र मध्यमानका आधारमा विभिन्न समूहका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता निम्नानुसार रहेको छ ।


प्रस्तुत तालिकामा लैङ्गिकताका आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ८० रहेको छ । जसमा ४० छात्रा र ४० छात्र रहेका छन् । दृष्टांश मध्यमान ३३.८३ लाई आधार मानी हेर्दा ७० प्रतिशत छात्राहरू मध्यमानभन्दा माथि र ३० प्रतिशत मध्यमान भन्दा तल रहेका छन् । यस तथ्यलाई हेर्दा मध्यमान भन्दा तल र माथिको अन्तर ४० प्रतिशत रहेको छ । तसर्थ छात्राहरूको दृष्टांश पठनबोध क्षमता राम्रो रहेको छ । त्यसै गरी छात्रहरूको दृष्टांश पठनबोध क्षमतालाई हेर्दा मध्यमान भन्दा माथि ६० प्रतिशत र मध्यमान भन्दा तल ४० प्रतिशत रहेको छ । यहाँ मध्यमानभन्दा माथि र तलको तुलना गर्दा २० प्रतिशतले अन्तर देखिन्छ । तसर्थ छात्राहरूको दृष्टांश पठनबोध क्षमता उच्च रहेको र छात्रहरूको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ ।

विद्यालयको प्रकृतिका आधारमा उक्त तथ्याङ्कलाई हेर्दा संस्थागत र सामुदायिक गरी दुई किसिमका विद्यालयहरू समावेश गरिएका छन् । जसमा संस्थागत विद्यालयबाट

४० जना र सामुदायिक विद्यालयबाट ४० जना विद्यार्थी रहेका छन् । दृष्टांश मध्यमान ३३.८३ का आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता दृष्टांश मध्यमान भन्दा माथि ८० प्रतिशत र दृष्टांश मध्यमान भन्दा तल २० प्रतिशत रहेको छ । यहाँ मध्यमान माथि र तल ६० प्रतिशतले फरक छ र बहुसङ्ख्यक विद्यार्थी मध्यमान भन्दा बढी रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ । त्यसैगरी सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई मध्यमानका आधारमा हेर्दा ४५% विद्यार्थी मध्यमान भन्दा माथि र ५५ मध्यमान भन्दा तल रहेका छन् ।

दृष्टांश पठनबोध क्षमताको मध्यमानलाई अधार मानेर हेर्दा १० प्रतिशत विद्यार्थी मध्यमान भन्दा तल र माथि १० प्रतिशतले फरक छ । ५५ प्रतिशत विद्यार्थी मध्यमान भन्दा तल रहेकाले समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीको दृष्टांश पठनबोध कमजोर रहेको छ ।

**चित्र नं. ९**




### ३.५.३.६ मध्यमानका आधारमा विद्यार्थीहरूको समूहगत अदृष्टांश पठनबोध क्षमताको स्थिति

**तालिका नं. १०**

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | लिङ्ग | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | छात्रा | ४० | २८ | ७० | १२ | ३० |
| | | | छात्र | ४० | २१ | ५२.५ | १९ | ४७.५ |
| ८० | १०.६२ | १०.९९ | विद्यालयको प्रकृति | | | | | |
| | | | संस्थागत | ४० | २९ | ७२.५ | ११ | २७.५ |
| | | | सामुदायिक | ४० | २० | ५० | २० | ५० |

स्रोत: विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा

उल्लिखित तालिका अनुसार कुल विद्यार्थी सङ्ख्या ८० जना रहेको छ । उक्त तालिकामा अदृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान १०.६२ रहेको छ । अदृष्टांश मध्यमान १०.६२ का आधारमा पठनबोध क्षमताको विश्लेषण निम्नानुसार रहेको छ ।

प्रस्तुत तालिकामा लैङ्गिकताका आधारमा विश्लेषण गर्दा छात्रा विद्यार्थीको अदृष्टांश मध्यमान १०.६२ का आधारमा मध्यमान भन्दा माथि छात्राहरूको पठनबोध क्षमता ७० प्रतिशत रहेको छ भने अदृष्टांश मध्यमान भन्दा कम ३० प्रतिशत छात्राहरू रहेका छन् । अदृष्टांश मध्यमान १०.६२ भन्दा तल र माथि छात्रहरूको पठनबोध क्षमता ४०.५ प्रतिशतको अन्तर रहेको छ । बहुसङ्ख्यक छात्राहरू मध्यमान भन्दा माथि रहेकाले मध्यमानका आधारमा अदृष्टांश पठनबोध क्षमता छात्राहरूमा माथि रहेको छ । अदृष्टांश मध्यमानका आधारमा छात्रहरूको पठनबोध क्षमता हेर्दा छात्रहरूको पठनबोध क्षमता पनि मध्यमान भन्दा माथि ५२.५ र मध्यमान भन्दा तल ४७.५ हुनुले छात्रहरूको अदृष्टांश पठनबोध क्षमता मध्यम रहेको पाइन्छ ।

विद्यालयको प्रकृतिका आधारमा माथिको तालिकालाई हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिशत मध्यमान भन्दा माथि ७२.५ रहेको छ भने अदृष्टांश मध्यमान भन्दा तल २७.५ रहेको छ । यस तथ्य अनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको छ । त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता मध्यमान भन्दा तल र माथि ५०/५० प्रतिशत रहेको छ । यो तथ्यलाई हेर्दा मध्यमान भन्दा तल र माथि समान प्रतिशत आएकोले संस्थागत विद्यालयका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सामान्य रहेको पाइन्छ ।

समग्र रूपमा विद्यार्थीहरूलाई मानक विचलनका आधारमा हेर्दा मानक विचलन १०.९९ रहनुले विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतामा एकरूपता रहेको पाईंदैन ।

**चित्र नं.१०**



### ३.५.४ तुलनात्मक व्याख्या विश्लेषण

### ३.५.४.१ विभिन्न समूहबीच पठनबोध क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा बेलबारी गा.वि.स.का विभिन्न चारओटा विद्यालयका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस अध्ययनमा व्याख्या विश्लेषणलाई आधार मानेर विभिन्न चरणहरूका बीच तुलनात्मक विश्लेषण गरिएको छ । यस अध्ययनमा विभिन्न समुह, वर्गबाट लिइएका तथ्याङ्कका आधारमा दुई समुहबीच पठनबोध क्षमताको अन्तर के-कति छ भन्नेतर्फ यो अध्ययन केन्द्रित रहेको छ ।

### ३.५.४.२ पठनबोध क्षमताको लैङ्गिक आधारमा छात्र र छात्राबीच तुलना

**तालिका नं. ११**

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | समग्र मध्यमान | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| छात्रा | ४० | २३.४३ | ३३.५५ | ४४.४६ | ९.८० |
| छात्र | ४० | २१.०१ | ३०.७७ | | |


स्रोत: विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा

उल्लिखित तालिकालाई लैङ्गिक दृष्टिले हेर्दा छात्रातर्फ ४० जना रहेका छन् भने छात्रतर्फ पनि ४० जना नै रहेका छन् । उक्त तथ्याङ्कलाई समग्र मध्यमानका आधारमा तुलना गर्दा छात्रा विद्यार्थीहरूको मध्यमान २३.४३ रहेको छ भने छात्र विद्यार्थीहरूको मध्यमान २१.०१ रहेको छ । समग्र मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको मध्यमान छात्र विद्यार्थीको भन्दा २.४२ ले बढी रहेको छ । उक्त छात्राहरूको मध्यमानलाई समग्र मध्यमानसँग तुलना गर्दा छात्राहरूको मध्यमान समग्र मध्यमान भन्दा २१.०३ ले बढी देखिन्छ भने छात्रहरूको मध्यमा समग्र समग्र मध्यमान भन्दा २३.४५ ले कम देखिन्छ । जसअनुसार समग्र मध्यमानका आधारमा छात्र तथा छात्राहरूको पठनबोध क्षमता तुलनात्मक रूपमा सन्तोषजनक रहेको छ ।

माथिको तालिकालाई समग्र मानक विचलनका आधारमा हेर्ने हो भने समग्र मानक विचलनको तुलनामा छात्र छात्राहरूको मानक विचलन धेरै माथि भएकाले समग्र विद्यार्थीहरूको प्राप्ताङ्कको वितरणमा प्रशस्त अन्तर रहेको छ भन्ने पुष्टि हुन्छ । छात्राहरूको मानक विचलन समग्र विचलन भन्दा २३.७५ ले बढी रहेको छ भने छात्रहरूको

मानक विचलन समग्र मानक विचलन भन्दा २०.९७ ले बढी रहेको छ । जसले विद्यार्थीहरूको प्राप्ताङ्कमा प्रशस्त भिन्नता रहेको देखाउँछ र प्राप्ताङ्कमा एकरूपता छैन भन्ने देखिन्छ ।

**चित्र नं. ११**




## ३.५.४.३ पठनबोध क्षमतामा विद्यालयको प्रकृतिका आधारमा संस्थागत र सामुदायिक विद्यालयबीच तुलना

**तालिका नं. १२**

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | समग्र मध्यमान | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| संस्थागत | २० | २४.५ | ३४.८९ | ४४.४६ | ९.८० |
| सामुदायिक | २० | १९.९६ | २९.२५ | | |


स्रोत: विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा

माथिको उल्लिखित तथ्याङ्कलाई हेर्दा विद्यालयका प्रकृतिको दृष्टिले संस्थागत (निजी) विद्यालयका ४० जना र सामुदायिक (सरकारी) विद्यालयका ४० जना गरी जम्मा ८० जना विद्यार्थीहरू लिइएको छ । यस तथ्याङ्कलाई समग्र मध्यमान र समग्र मानक विचलनका आधारमा तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान २४.५ रहेको छ । समग्र मध्यमान ४४.४६ का तुलनामा १९.९६ ले कम छ । समग्र मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान १९.९६ रहेको छ । समग्र मध्यमान ४४.४६ का तुलनामा २४.५ कम रहेको छ । त्यस्तै संस्थागत विद्यालयहरूको मध्यमान २४.५ र सामुदायिक विद्यालयको मध्यमान १९.९६ रहनु भनेको ४.५४ ले संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता सामुदायिक विद्यालयका

विद्यार्थीहरूको भन्दा उच्च रहनु हो । यसर्थ संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता भन्दा राम्रो देखिन्छ ।

समग्र मानक विचलनका आधारमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरू बीच तुलना गर्दा समग्र विचलन ९.८० रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन ३४.८९ रहेको छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन २९.२५ रहेको छ । यी दुई संस्थागत र सामुदायिक विद्यालयको मानक विचलनलाई हेर्दा संस्थागत विद्यालयको मानक विचलन ५.६४ ले बढी रहेको छ । तसर्थ संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको वितरणमा एकरूपता देखिएको छ ।

**चित्र नं. १२**



# अध्याय चार

# परिणाम तथा छलफल

## ४.१ अध्ययनको परिणाम

यस पठनबोध सम्बन्धी गरिएको शोधकार्यबाट प्राप्त भएका परिणामहरू निम्नानुसार रहेका छन् :

### ४.१.१ पूर्वकार्यको समीक्षाबाट प्राप्त उपलब्धिहरू

- पूर्वकार्यको समीक्षाले यस अध्ययनलाई व्याख्या विश्लेषण, शीर्षक चयन र उद्देश्य निर्धारण गर्न सहयोग पुऱ्याएको छ ।
- पूर्वकार्यको समीक्षाबाट प्राप्त निष्कर्षका आधारमा उपलब्धीहरूको पहिचान गर्न सहयोग पुऱ्याएको छ ।
- पूर्वकार्यको समीक्षाले यस अध्ययनमा विषयको गहिरो ज्ञान प्राप्त गर्न, अनुसन्धानलाई वैध र विश्वसनीय बनाउन सहयोग पुऱ्याएको छ ।
- पूर्वकार्यको समीक्षाले पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धान क्षेत्रहरू पत्ता लगाउन सहयोग पुऱ्याएको छ ।
- पठनबोध सम्बन्धी भएका विभिन्न शोध कार्यहरूले यस अध्ययनमा सामग्री उपलब्ध गर्नका साथै यो अध्ययनमा विषयवस्तु छनोट गर्न सहयोग पुऱ्याएको छ ।
- पठनबोध सम्बन्धी भएको यस अध्ययनले पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ क्रियाकलापमा परिस्कार तथा सुधारका निम्ति उपयुक्त सुझाव पेश गर्न र पाठ्यपुस्तकमा भएका कमीकमजोरीहरू पत्ता लगाउन सहयोग पुऱ्याएको छ ।
- पूर्वकार्यको समीक्षामा भाषाका चारै सीपहरूलाई समान रूपमा महत्त्व नदिएको जस्ता कमी कमजोरीहरू प्रस्तुत भएकाले यस शोधकार्यका लागि मार्गदर्शक सामग्री भएका छन् जसले गर्दा प्रस्तुत शोधकार्यमा यस्ता विषयवस्तु सुधार गर्दै अध्ययन गर्न सहयोग गरेको छ ।

यस शोधकार्यका लागि प्रयोग गरिएको तथ्याङ्कको व्याख्या र विश्लेषणबाट प्राप्त परिणामहरू निम्नानुसार रहेका छन् ।

१. समग्र प्रतिशतका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशत गणना गर्दा ८० प्रतिशत भन्दा माथि ५० प्रतिशत विद्यार्थीहरू रहेकाले विद्यार्थीहरूको समग्र पठनबोध क्षमता उच्च रहेको छ ।

२. समग्र मध्यमानका आधारमा मध्यमानभन्दा माथि ६२.५ प्रतिशत विद्यार्थी रहेका र मध्यमान भन्दा तल ३७.५ रहेकाले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको छ ।

३. समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता प्रतिशतका आधारमा ८० प्रतिशत भन्दा माथि ५३.७५ रहेका र ८० प्रतिशत भन्दा तल ४६.२५ प्रतिशत विद्यार्थीहरू रहेकाले विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता राम्रो रहेको छ ।

४. दृष्टांश पठनबोध क्षमतामा विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमानलाई आधार मानेर हेर्दा ६२.५ प्रतिशत मध्यमान भन्दा माथि र ३७.५ प्रतिशत विद्यार्थी मध्यमान भन्दा तल रहेकाले समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता उत्कृष्ट रहेको पाइन्छ ।

५. समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता गणना गर्दा ८० प्रतिशत भन्दा माथि ४३.७५ विद्यार्थीको अदृष्टांश पठनबोध क्षमता रहेकोले समग्र अदृष्टांश पठनबोध क्षमता राम्रो देखिन्छ ।

६. समग्र विद्यार्थीहरूको अदृष्टांश मध्यमानलाई आधार मान्दा मध्यमान भन्दा माथि ६१.२५ प्रतिशत र ३८.७५ प्रतिशत मध्यमान भन्दा तल रहेको छ । समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको छ । मानक विचलनलाई हेर्दा विद्यार्थीको प्राप्ताङ्कको विवरणमा समानता पाईंदैन ।

७. समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमतालाई तुलना गर्दा दृष्टांश पठनबोध क्षमताको मध्यमान ३३.८३ रहेको र मानक विचलन ७.५४ रहेको छ । अदृष्टांश पठनबोध क्षमताको मध्यमान १०.६२ रहेको र मानक विचलन १०.९९ रहेको छ ।

   यी दुवैलाई तुलना गर्दा विद्यार्थीहरू दृष्टांशमा भन्दा अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइन्छ भने अदृष्टांशमा भन्दा दृष्टांशमा मानक विचलन सानो रहेकाले दृष्टांश पठनबोधमा केही एकरूपता पाइए पनि अदृष्टांशमा विद्यार्थीको पठनबोध क्षमताको वितरणमा विविधता पाइन्छ ।

८. समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति हेर्दा लिङ्गका आधारमा ७० प्रतिशत छात्रा मध्यमान माथि रहेका छन्

भने ३० प्रतिशत छात्रा मध्यमान भन्दा तल रहेका छन् । त्यस्तै ५२.५ प्रतिशत छात्र मध्यमान भन्दा माथि र ४७.५ प्रतिशत छात्र मध्यमान भन्दा तल रहेका छन् । तुलनात्मक रूपमा छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीको प्रतिशत राम्रो रहेको छ । त्यस्तै समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति हेर्दा विद्यालयको प्रकृतिको आधारमा ७७.५ प्रतिशत संस्थागत र ४५ प्रतिशत सामुदायिक विद्यलायका विद्यार्थीको पठनबोध क्षमता रहेको छ भने मध्यमान भन्दा संस्थागत २२.५ प्रतिशत र सामुदायिक ५५ प्रतिशत रहनुले संस्थागत विद्यालय भन्दा सामुदायिक विद्यालयमा विद्यार्थीहरूको पठनबोध क्षमता न्यून रहेको छ ।

९. मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत दृष्टांश पठनबोध क्षमताको स्थितिलाई हेर्दा लिङ्गका आधारमा ७० प्रतिशत छात्राको पठनबोध क्षमता मध्यमान भन्दा माथि रहेको छ । त्यस्तै मध्यमान भन्दा तल पठनबोध क्षमताको स्थिति ३० प्रतिशत रहेको छ । त्यसैगरी ६० प्रतिशत छात्रहरू मध्यमान भन्दा माथि र ४० प्रतिशत छात्रा मध्यमान भन्दा तल रहनुले तुलनात्मक रूपमा छात्रमा भन्दा छात्रामा दृष्टांश पठनबोध क्षमता राम्रो रहेको छ । त्यस्तै विद्यालयका प्रकृतिको आधारमा हेर्दा ८० प्रतिशत संस्थागत विद्यालयका विद्यार्थीको पठनबोध क्षमता मध्यमान भन्दा माथि रहेको छ । त्यस्तै मध्यमान भन्दा तल २० प्रतिशत रहेको छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता ४५ प्रतिशत रहेको छ भने मध्यमान भन्दा तल ५५ प्रतिशत रहेको छ । तुलनात्मक रूपमा संस्थागत विद्यालयका विद्यार्थीको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता कमजोर रहेको छ ।

१०. मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई हेर्दा लिङ्गगत आधारमा ७० प्रतिशत छात्राको अदृष्टांश पठनबोध क्षमता मध्यमान भन्दा माथि रहेको छ । ३० प्रतिशत छात्राको अदृष्टांश पठनबोध क्षमता मध्यमान भन्दा तल रहेको छ । त्यसैगरी ५२.५ प्रतिशत छात्रहरूको पठनबोध क्षमता मध्यमान भन्दा माथि रहेको छ भने ४७.५ प्रतिशत छात्रहरूको अदृष्टांश पठनबोध क्षमता मध्यमान भन्दा तल रहेको छ । तुलनात्मक रूपमा छात्रको भन्दा छात्राको अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको छ । त्यस्तै विद्यालयको प्रकृतिका आधारमा ७२.५ प्रतिशत स.स्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता अदृष्टांश मध्यमान भन्दा माथि रहेको छ भने २७.५ प्रतिशत संस्थागत विद्यालयका

विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमान भन्दा तल रहेको छ । त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता मध्यमान भन्दा माथि र मध्यमानभन्दा तल ५०/५० प्रतिशत रहेको छ । तुलनात्मक रूपमा संस्थागत विद्यालयको अदृष्टांश पठनबोध क्षमता सामुदायिक विद्यालय भन्दा राम्रो रहेको छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको अटृष्टांश पठनबोध क्षमता कमजोर रहेको छ ।

## ४.२ अध्ययनको छलफल

### ४.२.१ बोधको परिचय

बोध शब्द 'बुध' धातुमा 'ञ' प्रत्यय लागेर बनेको हो, जसको अर्थ हुन्छ 'बुझ्नु' (ज्ञवाली २०६३:१५) । बोध भन्नाले कुनै पनि अभिव्यक्तिलाई सुनेर वा पढेर बुझ्नु भन्ने बुझिन्छ । यो भाषाको आदानात्मक सीप अन्तर्गत पर्दछ । हामीले कुनै पनि कुरालाई प्रस्तुत वा अभिव्यक्ति गर्न पहिले बोध हुन आवश्यक छ । अङ्ग्रेजीमा बोधलाई 'कम्प्रिहेन्सन' भनिन्छ । यसको अर्थ दिमागी कार्य, समझ शक्ति, भाषिक क्षमताको विकास हुन्छ । बोध नभई अभिव्यक्त गर्न नसकिने भएकाले बोधलाई पूर्व कार्यको रूपमा स्वीकारिन्छ । किनकी व्यक्तिमा अभिव्यक्ति क्षमताको विकास सुरू हुनुभन्दा पहिले बोध क्षमताको विकास हुन थालिसकेको हुन्छ । 'बोध' सुनेर, पढेर, हेरेर कुनै पनि कुरा बुझ्ने काम वा त्यस्तो क्षमता (प्र.ने.श २०७०:१०४२) । त्यसकारण बोध बौद्धिक कार्य स्मरण गर्ने वा सोच्ने कार्य हो । यसले भाषिक सिपका विकासका लागि गरिने अभ्यासमा जोड दिन्छ ।

### ४.२.२ बोधका प्रकार

क) श्रुतिबोध

ख) पठनबोध

**क) श्रुतिबोधः-** सुनेर बोध गर्नेलाई श्रुतिबोध भनिन्छ (शर्मा र पौडेल २०६७:१५१) । श्रुतिबोध भनेको सुनेर बुझ्नु हो । यसले वक्ताको मौखिक अभिव्यक्तिलाई श्रोताले सुनेर बुझ्ने प्रक्रियासँग सम्बन्ध राख्छ । यो ग्रहण पक्षसँ सम्बन्धित हुन्छ । श्रुतिबोध श्रवण कलासँग सम्बन्धित सीप हो । श्रुतिबोधले सुनेर बुझ्ने भन्ने अर्थ दिन्छ । यसले वक्ताको मौखिक अभिव्यक्तिलाई श्रोताले सुनेर बुझ्ने प्रक्रियासँग सम्बन्ध राख्दछ । भाषाका दुई पक्ष हुन्छन् ति हुन् बोध र अभिव्यक्ति । यसमध्ये श्रुतिबोध ग्रहणपक्षसँग सम्बन्धित मानिन्छ । श्रुतिबोधलाई अभिव्यक्तिको पूर्व शर्तका रूपमा लिइन्छ । बोध विनाको सुनाइ प्रायः

निरर्थक सावित हुन्छ (अधिकारी २०५७:२६) । बोधविनाको श्रुतिलाई वास्तविक सुनाइ भन्न मिल्दैन । श्रुतिबोध मौखिक भाषाको बोध भएकाले यसमा आवश्यकता अनुसार वक्ताले हाउभाउ, अङ्ग सञ्चालन, लय, आघात जस्ता भाषिक तत्त्वलाई मूल भाषिक अभिव्यक्तिसँग मिलाएर बुझ्ने कोशिष गर्नुपर्दछ । श्रुतिबोध विनाको अभिव्यक्तिमा अर्थको अनर्थ लाग्न सक्छ, जुन कुरालाई राम्रोसँग सुनिदैन, बुझिदैन त्यसलाई राम्ररी व्यक्त गर्न पनि सकिँदैन । श्रुतिबोधमा देखा पर्ने कमजोरीले गर्दा व्यक्तिको सोचाइ, बोलाइ, अझ काम गराइमा समेत गलत असर पर्न जाने हुन्छ । श्रुतिबोधका कमजोरीका कारण भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) मा समस्या देखिने भएकाले श्रुतिबोधमा भएका कमजोरीहरू हटाई सुनाइ र बोलाइमा मात्र नभई पढाइ र लेखाइमा पनि पृष्ठपोषण प्रदान गर्दछ । त्यसकारण श्रुतिबोधलाई भाषाको विकास एवम् ज्ञानको विकासमा एक महत्त्वपूर्ण अङ्गको रूपमा लिइन्छ ।

**ख) पठनबोधः-** पठनबोध भनेको पढेर बुझ्नु हो । पठनकलाको उत्कृष्ट रूप मौन पठन हो र यसको केन्द्रिय तत्त्व पठनबोध हो (शर्मा र पौडेल २०६७:१५१) । पढेर बुझ्नु वा बोध गर्नुलाई पठनबोध भनिन्छ । पढाइ भनेको लिपीबद्ध भाषामा उतारिएको ज्ञान एवम् सूचनालाई पाठकद्वारा आफ्ना मष्तिष्कले सङ्गठित गर्ने सीप हो (अधिकारी २०६३:६९) । पठनबोधमा लिपी चिन्हहरूद्वारा प्रस्तुत भएका विचारलाई पढेर ग्रहण गर्ने, बुझ्ने क्षमतालाई पठनबोध भनिन्छ । बोधमा वक्ता र बोद्धाको संलग्नता रहने हुनाले अर्थगत र भाषागत दोहोरो प्रक्रिया यसमा संलग्न रहन्छ । वक्ताद्वारा अभिव्यक्त विचार जुन भाषिक र अर्थगत संरचना अनुसार प्रस्तुत गरिएको छ । त्यस संरचनाको पूर्वानुभाव बोद्धामा नभए बोधको सम्भावना हुँदैन । किनकी अभिव्यक्त विचारका लागि जुन भाषिक संरचना वक्ताले अपनाएको छ, त्यही संरचनाका आधारमा बोद्धाले वैचारिक अभिप्राय पहिल्याउनुपर्ने हुन्छ । वस्तुतः बोद्धामा वक्ताको अर्थगत र भाषागत संरचनाको सामर्थ्य वा अनुभव जति प्रबल भयो त्यति बोधको मात्रा पनि प्रबल भएर बढ्दै जान्छ । समग्रतः बोध कुनै भाषिक व्यवस्था अन्तर्गत अभिव्यक्त विचारलाई ग्रहण गर्ने महत्त्वपूर्ण प्रक्रिया हो । "पढेर बुझ्ने सीपको शिक्षण नै पठनबोध शिक्षण हो ।" (भण्डारी र अन्य २०६८:२२७) कुनै पनि विद्यार्थीले आफूलाई आवश्यक पर्ने विषयवस्तु जान्नका लागि पठनबोधको आवश्यकता पर्दछ । पठनबोध क्षमता बढाउन पठनबोध शिक्षण महत्त्वपूर्ण हुन्छ । पठनबोध एक आदानात्मक भाषिक सीप हो, विद्यार्थीको क्षमताका आधारमा विद्यर्थीले ज्ञान प्राप्त गर्ने आधार पठनबोध हो । यो साक्षर वा पढेलेखेका व्यक्तिहरूका

लागि उपयोगी हुन्छ । यसै कारणले विद्यार्थीहरूमा विशिष्ट ज्ञान आर्जन गराउनका लागि रोचक, सीपमूलक कुराहरू हुन आवश्यक छ । पठनबोध क्षमताको विकासले भाषाका अन्य सीपहरूमा पनि उसलाई प्रभावित पार्न सक्छ । त्यसैले पठनबोधलाई भिन्न भिन्न कुराको एकिकृत तथा संश्लिष्ट क्षमता मानिन्छ । यस्ता क्षमताका लागि कक्षाकोठा मात्र पर्याप्त हुँदैन, त्यसका लागि विद्यालयीय वातावरणको महत्त्व रहन्छ । विद्यालयाम पुस्तकालय, वाचनालय, विभिन्न अन्य अतिरिक्त क्रियाकलापहरू गराइएमा विद्यार्थीहरूमा पठनबोध क्षमतामा विकास हुने कुरामा शंका हुँदैन । तसर्थ विद्यालय र विद्यालयेत्तर वातावरणमा सुधार ल्याई आवश्यक सामग्रीमा सुलभता ल्याउन सके विद्यार्थीहरूमा पठनबोध क्षमताको विकास हुन सक्छ ।

**पठनबोध सम्बन्धी परिभाषाहरू:**

'पठन' पढ्ने काम वा प्रक्रिया, पढाइ अध्ययन ।

- प्रयोगात्मक नेपाली शब्दकोस

"लिपी चिन्हद्वारा प्रस्तुत भएका विचारलाई ग्रहण गर्ने वा बुझ्ने उपायलाई पठनबोध भनिन्छ ।"

- शान्तिप्रसाद ढकाल

"लिपीवद्ध सामाग्रीहरू बाट अर्थ ग्रहण गर्नु अथवा लिपी चिन्हद्वारा व्यक्त भएका कुरालाई पाठकले आफ्ना अनुभव र ज्ञानका आधारमा ग्रहण गर्नु नै पढाइ हो ।

- प्रा.डा. हेमाङ्गराज अधिकारी

"पढेर बुझ्ने सीपको शिक्षण नै पठनबोध शिक्षण हो ।"

- प्रा.डा. पारसमणि भण्डारी

"पठनकलाको उत्कृष्ट रूप मौन पठन र यसको केन्द्रिय तत्व पठनबोध हो ।"

- शर्मा र पौडेल

## ४.२.३ पठनबोधको उपयोगिता महत्त्व

भाषाका चार सीपमध्ये पढाइ पनि एक हो । पढाइबाट लेखाइ सीपमा सकारात्मक प्रभाव पार्ने हुनाले पठनबोधलाई भाषा सिकाइको महत्त्वपूर्ण प्रक्रिया मानिन्छ । नयाँ-नयाँ विचार, उपलब्धीहरूसँग एकाकार हुन पढाइको महत्त्व रहेको छ ।

शिक्षार्थीको अनुभव तथा ज्ञान विस्तार गर्न, पूर्व ज्ञानलाई परिष्कृत तुल्याउन, सृजनात्मक क्षमताको विकास गर्न पठनबोध महत्त्वपूर्ण माध्यम हो । पठनबोधले विद्यार्थीको शैक्षिक विकासमा केन्द्रित विद्यार्थीहरूको भाषिक संज्ञान, सृजनात्मक रुचि बढाउनुको साथै व्यक्तित्व विकासमा टेवा पुऱ्याउने हुनाले पठनबोध शिक्षणको महत्त्व रहेको छ ।

कुनै पनि लिखित सामग्री पढी पढाइको गतिशीलता तिव्र तुल्याई वाचनकलाको विकास गर्न र त्यसभित्र रहेको गहनतम् भाव ग्रहण गर्न पठनबोध शिक्षणको महत्त्व रहेको छ ।

फुर्सदको समयको अधिकतम सदुपयोग गर्न, फुर्सद भएको मान्छेले साहित्यिक विधाहरू र पत्रपत्रिकाको पठनबाट समयको सदुपयोग गर्न यसको आवश्यकता पर्दछ ।

पाठकले आफ्नो भाषिक व्यवहार (सुनाइ, बोलाइ, लेखाइ) मा भएका कमीकमजोरीहरूलाई भिडाएर हेर्ने अवसर पाउने हुँदा त्रुटिको न्यूनिकरण र निराकरणमा सघाउ पुग्छ । यसबाट व्यक्तिमा आत्म नियन्त्रण कायम हुन सक्छ । पढाइले व्यक्तिको सर्वाङ्गीण विकासमा सघाउ पुऱ्याउँछ ।

विद्यालयतहका कक्षाहरूमा पठनबोधको निकै महत्त्वपूर्ण भूमिका रहन्छ । त्यस तहमा पठनलाई जति प्रभावकारी रूपमा उपयोग गर्न सकियो त्यति बालबालिकाको क्षमता वृद्धि हुँदै जान्छ । राम्ररी ध्यान दिएर पढ्नु, पढेको कुरा बुझेर लिखित वा मौखिक व्यक्त गर्नु यस तहका प्रमुख भाषिक सीप हुन् । माथिल्ला तहका विद्यार्थीहरूमा उच्च स्तरिय बौद्धिक क्षमता विकासको लागि पठनबोध क्षमता अनिवार्य नै मानिन्छ । विद्यार्थीहरूमा पठनबोध क्षमताको विकाससँगै उनीहरूले विभिन्न साहित्यिक आस्वादन गर्ने प्रयत्न गर्छन् ।

### ४.२.४ पठनबोधका चरणहरू (तहहरू)

पठनबोधलाई विभिन्न विद्वानहरूले आ-आफ्नै तरिकाले प्रस्तुत गरेका छन् । कसैले प्रारम्भिक र उत्तरवर्ती गरी दुई चरणमा वर्गीकरण गरेका छन् भने अधिकारी लगायत अन्यले यसका तीन चरण हुने कुरा उल्लेख गरेका छन् । प्ररम्भिक चरणमा शिक्षार्थीहरू सस्वर पठनद्वारा पठनबोध क्षमताको विकासतर्फ उन्मुख हुन्छन् भने उत्तरवर्ती चरणमा मौन पठनद्वारा पठनबोध क्षमताको विकासमा अग्रसर देखिन्छन् । पढाइको पहिलो एकाइको रूपमा अक्षर, शब्द, पदावलीलाई लिइन्छ । यस क्रममा सुरूको पढाइको गति र यति दुबै न्यून हुने र क्रमशः वाक्य स्तरमा पुग्दा वृद्धि हुने गर्दछ ।

पढाइको सुरूवातको अवस्थामा रहेका विद्यार्थीहरूको तुलनामा उत्तरवर्ती चरणमा प्रवेश गरेका विद्यार्थीहरूको पठनबोध क्षमता निकै उच्च रहन्छ । सुरूमा विद्यार्थीहरूले पढाइको एकाइ अक्षरलाई बनाउँछन् भने अभ्यस्त हुँदै गएपछि । शब्दलाई पनि पढाइको एकाइ बनाउने गर्दछन् । विद्यार्थीहरू क्रमशः अक्षर, शब्द हुँदै पदावली र वाक्यसम्मका पढाइमा विस्तार हुँदै पठनबोध क्षमताको विकास हुँदै जान्छ । पठनबोधका चरणलाई निम्नलिखित रूपमा उल्लेख गर्न सकिन्छ । (अधिकारी २०६४:७०/७१)

क) पहिचानः- अक्षर, शब्द आदिलाई विस्तारै पहिचान गरी पढ्दै जाने यस चरणमा बालबालिकाको विस्तारै पढ्ने कोसिस गर्छन् । यो प्ररम्भिक चरण हो ।

ख) सङ्गठनः- सङ्गठन पहिचान भन्दा पछाडिको विकसित चरण हो । यस चरणमा आइपुग्दा विद्यार्थीहरू अक्षर र शब्दको पहिचान मात्र नभएर वाक्यमा प्रयुक्त शब्दहरूको अन्तर सम्बन्धमा पनि बुझ्न थाल्छन् । यस चरणमा शिक्षार्थीहरू शब्द, पदावली र वाक्यको परस्पर आवद्धतालाई समेत पहिल्याउन थाल्छन् र उनीहरू पढ्दा आवश्यक हुने गति र यतिका नियमहरूलाई खोजी अनुसार पढ्न सक्छन् । वाक्यमा पाठ्यक्रम नमिलेको अवस्था रहेछ भने त्यसलाई पनि सच्याएर पढ्ने प्रयास गर्न थाल्छन् । पठनबोधका दृष्टिले यस चरणलाई मध्यम चरणमा राख्न सकिन्छ ।

ग) अनुसन्धानः- यो पठनबोध क्षमता विकासको अन्तिम अर्थात् उच्चतम चरण हो । विद्याथीहरूको पहिचान र सङ्गठन गर्ने क्षमताको विकास भइसकेपछि नै अर्थको खोजी गर्ने क्षमता प्राप्त हुन्छ । अभ्यास र अनुभवद्वारा खारिएका पाठक नै यस चरणमा प्रवेश गर्दछन् । यस चरणमा जटिल एवम् बौद्धिक किसिमको भाषिक सामग्रीलाई पनि गति यति लय मिलाएर सस्वर वा मौन वाचन गरी विषयवस्तुको मूल मर्म वा विचारलाई बुझ्न सक्षम हुन्छन् ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष, सुझाव र प्रयोग

## ५.१ सारांश

मोरङ जिल्ला बेलबारी गा. वि. स. का कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अधययन शीर्षकमा गरिएको प्रस्तुत शोधकार्यको सारांश निम्नानुसार रहेको छ ।

अध्याय एक अन्तर्गत अध्ययनको परिचय शीर्षक दिई १.१ मा यस अध्ययनको पृष्ठभूमि समावेश गरिएको छ । त्यस्तै यस अध्ययनको १.२ मा समस्या कथन रहेको छ । जसमा समस्याका रूपमा बेलबारी गा. वि. स. का कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कस्तो छ ? सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको स्तर के-कस्तो छ ? लिङ्गका आधारमा छात्रछात्राहरूको पठनबोध क्षमता कस्तो छ ? पठनबोध क्षमता कमजोर हुनका कारणहरू के-के हुन् ? पठनबोध क्षमताको अभिवृद्धि गर्न के-कस्ता सुझावहरू प्रस्तुत गर्न सकिन्छ ? जस्ता विषयलाई लिइएको छ । यस अध्ययनले कक्षा ७ का विद्यार्थीहरूको भाषिक स्तर लिङ्गीय भिन्नताका आधारमा पठनबोध क्षमताको अध्ययन गर्ने भएकोले यस अध्ययनको औचित्य र महत्त्व छ । साथै यस शोधकार्यबाट पाठ्यक्रम निर्मातालाई पाठ्यक्रम निर्माण सुधार एवम् परिमार्जन गर्न सहयोग पुऱ्याउँछ । पाठ्यपुस्तक लेखकलाई उद्देश्यमूलक विषयवस्तु चयन गर्न, शिक्षण विधिलाई प्रभावकारी बनाउन, विद्यार्थीहरूको बोध क्षमतालाई बुझेर शिक्षण गर्न गराउन मद्दत पुग्दछ ।

यस शोधकार्यको उद्देश्य कक्षा ७ का विद्यार्थीहरूको पठनबोध क्षमताको स्तर पत्ता लगाउनु, सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको स्तरको तुलना गर्नु, लिङ्गका आधारमा छात्रछात्राहरूको पठनबोध क्षमता पहिल्याउनु, पठनबोध क्षमताको अभिवृद्धि गर्न आवशयक सुझावहरू पेश गर्नु रहेको छ । यस अध्ययनमा मोरङ जिल्ला बेलबारी गा. वि. स. का ४ वटा विद्यालय जसमा दुई सरकारी र दुई संस्थागत विद्यालयबाट २०/२० गरी ८० जना विद्यार्थीको अध्ययन गरिएको छ ।

यस अध्ययनको अध्याय दुईमा पूर्वकार्यको समीक्षा गरिएको छ । यस कार्यले पठनबोध क्षमताको अध्ययन सम्बन्धमा भएका कार्यहरूको समीक्षा प्रस्तुत गरिएको छ । पूर्वकार्यको समीक्षाले शिक्षकलाई प्रभावकारी रूपमा शिक्षण गर्न सहयोग पुऱ्याउँछ साथै विद्यार्थीहरूमा भएका कमीकमजोरी सुधार गरी विद्यार्थीहरूको पठनबोध क्षमताको विकास गराउन सघाउ पुऱ्याउँछ । यस्तै गरी सैद्धान्तिक अवधारणा अन्तर्गत यो पठनबोध संज्ञानात्मक सिकाइसँग सम्बन्धित रहेको कुरा उल्लेख छ । कोलहरले सिकाइ प्रत्यक्षीकरणबाट हुने कुरा व्यक्त गरेकाले सिकाइ हुनका लागि प्रत्यक्षीकरण, बोधको आवश्यकता पर्दछ । संज्ञानात्मक सिकाइले मष्तिष्कको सक्रियतामा जोड दिन्छ र पठनबोधका लागि पनि मानसिक सक्रियता आवश्यक हुन्छ । यसर्थ यो अध्ययनको ढाँचा कोलहरको संज्ञानात्मक सिकाइसँग सम्बन्धित छ ।

प्रस्तुत अध्ययनको अध्याय तीनमा अध्ययनको विधि र प्रक्रिया अन्तर्गत अध्ययनको ढाँचा रहेको छ । यस अध्ययनमा मिश्रित ढाँचा प्रयोग गरिएको छ । जसमा व्याख्यात्मक, विश्लेषणात्मक, परिमाणात्मक र गुणात्मक ढाँचाको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनमा बेलबारी गा. वि. स. का कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूलाई नमुना जनसङ्ख्या मानिएको छ । जसमा संस्थागत दुई र सामुदायिक दुई गरी जम्मा चार विद्यालयका विद्यार्थीहरूलाई लिइएको छ ।

तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । जसमा प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमता अनुसार ४० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या ५ प्रतिशत र ८० प्रतिशत भन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या ५० प्रतिशत रहेको छ । त्यस्तै मध्यमानका आधारमा मध्यमानभन्दा माथि ६२.५ प्रतिशत विद्यार्थी रहेकाले विद्यार्थीहरूको पठनबोध क्षमता समग्रमा राम्रो रहेको पाइन्छ । त्यस्तै विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता प्रतिशतका आधारमा ८० प्रतिशत भन्दा माथि ५३.७५ अङ्क रहनुले दृष्टांश पठनबोध क्षमता उत्कृष्ट रहेको छ ।

मध्यमान र मानक विचलनका आधारमा अदृष्टांश पठनबोध क्षमतालाई हेर्दा समग्र मानक विचलन ७.५४ भन्दा अदृष्टांश देखिनुले विद्यार्थीहरूको पठनबोध क्षमतामा विविधता रहेको पाइन्छ । त्यस्तै तुलनात्मक रूपमा पठनबोध क्षमतलाई हेर्दा छात्रको भन्दा छात्राको र सामुदायिक भन्दा संस्थागत विद्यालयको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.२ निष्कर्ष

बेलबारी गा. वि. स. का कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरू पठनबोध क्षमता सम्बन्धी यस अध्ययनका निष्कर्षहरू निम्नानुसार रहेका छन् ।

१. समग्र प्रतिशतका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशत गणना गर्दा ८० प्रतिशत भन्दा माथि ५० प्रतिशत विद्यार्थीहरू रहेकाले विद्यार्थीहरूको समग्र पठनबोध क्षमता उच्च रहेको कुरा पुष्टि हुन्छ ।

२. समग्र मध्यमानका आधारमा हेर्ने हो भने मध्यमानभन्दा माथि ६२.५ प्रतिशत विद्यार्थी रहेका र मध्यमान भन्दा तल ३७.५ रहेकाले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको छ । मध्यमान भन्दा तल रहेका विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धि गर्न शिक्षकहरूले आवश्यकता अनुसार शैक्षिक सामग्रीको प्रयोगका साथै उपयुक्त कार्यकलाप गराउनुपर्ने देखिन्छ ।

३. समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता प्रतिशतका आधारमा हेर्दा ८० प्रतिशत भन्दा माथि भएका विद्यार्थीहरूको प्राप्ताङ्क ५३.७५ रहनुले विद्यार्थीहरूमा पठनबोध क्षमता राम्रो रहेको छ ।

४. लैङ्गिक दृष्टिकोणबाट हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको पठनबोध क्षमता राम्रो देखिन्छ । गरिबी, छोराछोरीको पढाइप्रति अभिभावकको बेवास्ता, स्वेच्छिक बेरोजगारी यसका कारक तत्त्वहरू हुन् । गरिब विद्यार्थीहरुका लागि उपयुक्त छात्रवृत्ति प्रदान गरी अभिभावकहरू प्रति स्वेच्छिक चेतना बढाउन सकारात्मक धारणाको विकास गराउन सकेमा छात्रहरूको पठनबोध क्षमता अभिवृद्धि गर्न सकिन्छ ।

५. समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता गणना गर्दा ८० प्रतिशत भन्दा माथि ४३.७५ विद्यार्थीको अदृष्टांश पठनबोध क्षमता रहेकोले समग्र अदृष्टांश पठनबोध क्षमता राम्रो देखिन्छ । अदृष्टांश पठनबोध क्षमता अझ प्रभावकारी बनाउनका लागि विद्यालयमा शिक्षकहरूले विभिन्न पठनबोभ अभिवृद्धि गर्ने खालका पत्रपत्रिका, सन्दर्भ सामग्रीहरू प्रयोग गर्नुपर्ने देखिन्छ ।

६. समग्र विद्यार्थीहरूको अदृष्टांश मध्यमानलाई आधार मान्दा मध्यमान भन्दा माथि ६१.२५ प्रतिशत र ३८.७५ प्रतिशत मध्यमान भन्दा तल रहेको छ । समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको छ । मानक विचलनलाई हेर्दा विद्यार्थीको

प्राप्ताङ्कको विवरणमा समानता पाईदैन । प्राप्ताङ्कमा एकरूपता ल्याउन शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन आवश्यक रहेको छ । साथै शिक्षकलाई तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ५.३ सुझाव

**"कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरू पठनबोध क्षमता सम्बन्धी अध्ययन"** शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ ।

१. विद्यार्थीहरूको पठनबोध क्षमता वृद्धि गर्नका लागि प्राथमिक तहदेखि नै पाठ्यक्रम तथा पाठ्यवस्तुहरू सम्बन्धित तहका विद्यार्थीहरूको आवश्यकता, रूचि, बौद्धिक स्तरको पहिचान गरी सोही अनुरूपको विषयवस्तुको चयन गर्नुपर्ने देखिन्छ ।

२. दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्दा अदृष्टांश पठनबोध क्षमतामा विद्यार्थीहरू कमजोर रहेको देखिन्छ । अतः अदृष्टांश पठनबोध क्षमता वृद्धिका लागि आवश्यक सन्दर्भ पुस्तक तथा पत्रपत्रिका विद्यालयमा उपलब्ध गराइ विद्यार्थीहरूलाई सो अध्ययनप्रति अभिप्रेरित गर्नुपर्दछ ।

३. संस्थागत र सामुदायिक विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको अभिवृद्धि गर्नका लागि आवश्यक सन्दर्भ सामग्री तथा अन्य पत्रपत्रिकाहरूको अध्ययनमा संलग्न गराउनुपर्ने देखिन्छ ।

४. लैङ्गिक दृष्टिले छात्र र छात्राहरू बिचको तथ्याङ्कलाई अध्ययन विश्लेषण गर्दा छात्राहरूको भन्दा छात्रहरूको पठनबोध क्षमता न्यून रहेको विशेषगरी छात्रहरूलाई कक्षाकोठा भित्र र बाहिर अनुशासनको आवश्यकता देखाइएकोले अनुशासनमा रहने वातावरण सिर्जना गरिदिने ।

५. विद्यालयमा आवश्यक दृष्ट सामग्रीहरूको प्रयोग गरी शिक्षण सिकाइ कार्यकलाप गरेमा अपेक्षाकृत रूपमा श्रुतिबोध क्षमतामा अभिवृद्धि गर्न सकिन्छ ।

६. विद्यालय तहको नेपाली विषयको पाठ्यपुस्तकमा मूल्याङ्कन प्रणालीमा पठनबोधको क्षेत्रलाई व्यापकता दिनुपर्दछ ।

७. विद्यार्थीहरूको भाषिक सीपको आधारभूत महत्त्वपूर्ण सीप पठनबोध भएकाले यसको पाठ्यविषय चयन गर्दा क्षेत्र, लिङ्ग, भाषा, उमेर, आवश्यकता र विद्यार्थीहरूको रूचि अनुसारको छनोट गर्नुपर्दछ ।

८. विद्यालयको प्रकृतिका आधारमा निजी तथा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्दा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । अतः सार्वजनिक विद्यालयहरूमा पनि नियमित पठनपाठनको व्यवस्था, विभिन्न सन्दर्भ सामाग्री तथा पत्रिकाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

९. नेपाली विषयप्रति नकारात्मक धारणा बनाइ जुनसुकै विषयमा शिक्षक तथा तालिम अप्राप्त शिक्षकद्वारा हुने पठनपाठन क्रियाकलापको अन्त्य गर्नुपर्ने साथै विषयशिक्षकलाई तालिम तथा पुनर्ताजकीय तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१०. पाठ्यपुस्तकमा पठनबोध सम्बन्धी दिएको अभ्यासमा मात्र पठनबोध सम्बन्धी क्रियाकलाप गराउने परिपाटीलाई हटाइ प्रत्येक गद्य पाठ्यशीर्षकमा पठनबोध सम्बन्धी क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ ।

११. विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धिका लागि प्रायोगिक पाठ्यक्रम निर्माण गरी लागु गर्नुपर्छ ।

## ५.४ प्रयोग

यस अध्ययनलाई नीति निर्माताले र प्रयोगकर्ताले निम्नानुसार उपयोग गर्न सक्छन्:

### ५.४.१ नीति निर्माताका लागि

शिक्षण सिकाइलाई कसरी प्रभावकारी तुल्याई विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धि गर्ने भन्ने बारेमा नीति निर्माण पक्षको महत्त्वपूर्ण भूमिका रहन्छ । पठनपाठनलाई प्रभावकारी तुल्याउन नीति तर्जुमा गर्नु आवश्यक हुन्छ । शिक्षणलाई कसरी लक्षित वर्ग अनुकुल बनाउने भन्ने बारेमा नीति निर्माण पक्षको महत्त्वपूर्ण भूमिका रहन्छ । विभिन्न सामुदायिक र संस्थागत विद्यालयमा पठनपाठनमा के कस्ता सुधार र परिमार्जन गर्नुपर्छ भन्ने सम्बन्धमा नीति निर्माण पक्षलाई यस अध्ययनले सहयोग पुऱ्याउँछ । साथै लिङ्गीय आधारमा दुवै पक्षलाई सहयोग गर्ने उपयुक्त पाठ्यसामग्री निर्माण गर्न यस अध्ययनले सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ । पाठ्यक्रमले तय गरेका सिकाइका उद्देश्यहरू पूरा

गर्न यस अध्ययन महत्त्वपूर्ण रहन्छ । पाठ्यक्रम वा पाठ्यवस्तु निर्माण गर्दा विद्यार्थीको स्तर र बौद्धिक क्षमता अनुसार सम्पूर्ण विद्यार्थीहरूको क्षमतालाई अभिवृद्धि गरी सिकाइ उपलब्धी हाँसिल गर्ने खालको हुनुपर्दछ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पूरा गर्ने साधनका रूपमा पाठ्पुस्तकको प्रयोग गरिन्छ । यस अध्ययनले विभिन्न जातजाति, लिङ्ग, भाषा, सिकाइको स्तरलाई समेटेर सबैका लागि बोधगम्य पाठ्यसामग्री लेखनमा सहयोग गर्न सक्छ । साथै यस अध्ययनले विद्यार्थीको रूचि, आवश्यकता, क्षमता र बौद्धिक स्तरका आधारमा पठनबोध क्षमता अभिवृद्धि गर्ने प्रकृतिका पाठ्यक्रम, पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरू निर्माण गर्न मद्दत गर्दछ । विषय विज्ञहरूका लागि विद्यार्थीको स्तर अनुसारका प्रभावकारी विषयवस्तु चयन गर्न पनि यस अध्ययनको उपयोग गर्न सकिन्छ ।

यस अध्ययनले नीति निर्माताका लागि निम्नानुसारको सहयोग पुऱ्याउँदछः

पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु (गद्य, पद्य) विद्यार्थीको क्षमता, बौद्धिक स्तर, रूचि अनुसार प्रस्तुत गर्न, विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धिका लागि प्रायोगिक पाठ्यक्रम निर्माण गर्न र पाठ्यपुस्तकमा ज्ञानवर्द्धक र रोचक विषयवस्तु समावेश गर्न सहयोग पुऱ्याउँछ ।

### ५.४.२ प्रयोगतहका लागि

यस अध्ययनले प्रयोग तहका निम्न अनुसार उपयोग गर्न सकिन्छ ।

१. विद्यार्थीहरूमा बोध क्षमता अभिवृद्धिका लागि विषयवस्तु चयन गर्न यो उपयोगी हुन्छ ।

२. बोधसम्बन्धी अवरोध हटाउन भाषाको शब्दभण्डारमा रहेका आगन्तुक शब्दको प्रयोग सम्बन्धी विस्तृत जानकारी दिँदै ती शब्दहको अर्थ खुलाउन यो अध्ययन उपयोगी हुन्छ ।

३. विद्यार्थीहरूको विविधताहरूलाई सम्मान गर्दै कक्षाकोठा व्यवस्थापन गरी प्रभावकारी शिक्षण गर्न प्रस्तुत शोधले शिक्षकलाई सहयोग पुऱ्याउँछ ।

४. यस अध्ययनले विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धि गर्न कक्षाकोठाका विषयवस्तु अनुकुलका कार्यकलाप गराउन सहयोग गर्दछ ।

५. यस अध्ययनले लैङ्गिकताका आधारमा समान व्यवहार गरी शिक्षण गर्न शिक्षकलाई मार्गदर्शन गर्छ

६. यस अध्ययनले उमेर, बौद्धिक क्षमता र स्तर अनुसार रूचिपूर्ण शिक्षण सिकाइ उपलब्धी हाँसिल गर्नका लागि शिक्षक विद्यार्थी दुवैलाई उपयोगी हुन्छ ।

७. यस अध्ययनले पिछडिएका तथा परम्परागत सोचले ग्रस्त भएर अघि बढ्न नसकेका विद्यार्थीहरूको पठनबोध क्षमता बढाउन सहयोग पुऱ्याउँछ

८. संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको तथ्यले देखाएको हुँदा शिक्षण सिकाइलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन शैक्षिक सामग्रीको प्रशस्त मात्रामा प्रयोग गर्नुपर्ने देखिएकोले यसले शिक्षकलाई सहयोग गर्दछ ।

९. सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्दा निजी विद्यालयका विद्यार्थीहरू भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर देखिएकोले शिक्षकले कक्षाकोठा शिक्षण गर्दा विषयवस्तुको गहिरो ज्ञान हाँसिल गर्न प्रशस्त मात्रामा शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ भन्ने कुरा स्पष्ट पार्दछ र पर्याप्त मात्रामा आवश्यक तालिक दिनुपर्ने कुरा स्पष्ट हुन्छ ।

१०. पठनबोध क्षमता सम्बन्धी गरिने भावी अध्ययनलाई प्रयोग गर्न उपयोगी हुन्छ । विद्यार्थीहरूको पठनबोध क्षमतामा देखिएको कमी कमजोरीहरूलाई सुधार गर्न सहयोग पुग्दछ ।

### ५.४.३ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

१. कक्षा ७ मा पढ्ने बहिरा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

२. कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलनात्मक अध्ययन

३. भाषिक पृष्ठभूमिका आधारमा निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन ।

४. भाषिक पृष्ठभूमिका आधारमा पठनबोध क्षमतामा पार्ने कारणहरूको अध्ययन

५. उमेरका आधारमा विद्यार्थीहरूको पठनबोधमा असर पार्ने कारणहरूको अध्ययन

६. कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको मौन पठनबोध क्षमताको अध्ययन

७. कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन

८. पठनबोध क्षमताको विकासका लागि कक्षामा प्रयोग हुने शिक्षण विधिको अध्ययन

९. पठनबोध क्षमता विकासका लागि शिक्षण क्रियाकलापको भूमिका सम्बन्धी अध्ययन

१०. प्राथमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन